साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक ३२ २०८२ फागुन २६ गते मंगलबार (March 10, 2026) मूल्य रू. १०/-



## राजा भन्ने अवसरवादको अवसान

***राप्रपाको साख एक सिट । जुम्लाबाट ज्ञानेन्द्र शाही ।***

काठमाडौं । राप्रपाले आफ्नो नीति र सिद्धान्तमा अड्न नसकेको नतिजा हो, फागुन २१ को चुनावमा जुम्लाको एक सिटमा मात्र बिजय । स्वयम् अध्यक्ष राजेन्द्र लिङ्देन, पूर्व अध्यक्ष कमल थापादेखि कुनै पनि उमेदवारले जमानतसमेत बचाउन सकेनन् । तैपनि अध्यक्ष र पदाधिकारीहरू कोही पनि नैतिकता देखाउन अग्रसर छैनन् । ०७९ मा केपी ओलीले राजेन्द्र लिंगदेनलाई र राजेन्द्रले ओलीलाई सघाएका कारण दुबै जितेका थिए, यसपल्ट दुबैले चुनाव हारे । पार्टीलाई सही ढङ्गले चलाउन नसक्नु, विधान मिच्नु, महाधिवेशन गर्न नचाहनु, महामन्त्रीसँग पानी बाराबार गरेर सामन्ती पल्टनुजस्ता अध्यक्ष राजेन्द्र लिङ्देनका अवगुल थिए । त्यसमाथि राजतन्त्र र हिन्दुअधिराज्यलाई पार्टी सिद्धान्त भए पनि अध्यक्ष राजेन्द्रले सिद्धान्त अनुसारको राजनीति कहिले पनि गरेनन् । अवसरवादी चरित्र देखाए । राजतन्त्रविरोधी र गणतन्त्रवादी संसद र सांसदसँग घाँटी जोडेर लुटिरहे । अनि..

# सरकारले कारवाही गर्नेछ

*पुरानाले गरेनन्, अब नयाँले गर्नेछन् भनेर जनताले जिताएको राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वको सरकारले जनआशा, भरोसा र अपेक्षा पूरा गर्नेछ । राजनीतिको लागि राजनीति गर्न रास्वपा जनमत होइन । रास्वपाले राजनीतिक मुद्दाहरूको किनारा लगाउनेछ, ज्यानमारालाई दण्ड दिन्छ दिन्छ भन्छन् जनता ।*

फागुन २१ को निर्वाचन परिणाम आयो, मतदाताले स्थिर सरकार, शान्ति, सुशासन, भ्रष्टाचारीमाथि कारवाही र अपराधीलाई दण्ड दिन जनादेश दिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका लागि अब संविधान नै फेर्न, संविधान सुधार गर्न, संघीयता खारेज गर्न, कुनै पनि कानुन बनाउन रोकतोक छैन । यद्यपि राष्ट्रिय सभामा रास्वपाको कुनै सिट छैन भनेर जनमतबाट किनारा लगाइएका दलहरू खिसिट्यूरी गरिरहेका छन् । उनीहरूले बिर्सेका छन्- परिवर्तनका लागि अभिव्यक्त भएको जनादेशले कार्यकारी प्रधानमन्त्रीको समेत व्यवस्था गर्नसक्छ । यो जनमतविरूद्ध राष्ट्रिय सभा पनि जान सक्दैन, जेनजीले जबर जस्त खालको खबरदारी गर्नेछन् भन्ने सत्य तिनले बिर्सेका छन् ।

आत्मतुष्टीका लागि राष्ट्रिय सभाको फुर्ति लगाएको हो भने क्षम्य छ ।

अन्तरिम सरकारले भदौ २३ र २४ गते जेनजी पुस्तामाथि भएको राज्यदमन, बालबालिकाको छाती, कन्चट ताकी ताकी गोली हान्न लगाएको तत्कालीन सरकार प्रमुख एमालेका अध्यक्ष केपी शर्मा ओली, गृहमन्त्री कांग्रेसका नेता रमेश लेखक, तत्कालीन आईजीपी चन्द्रकुवेर खापुङ र उच्चपदस्थ पदाधिकारीसम्मलाई फौजदारी कसुरमा कारबाही गर्न सिफारिस भएको प्रतिवेदन सरकारले बुझिसकेको छ र अब अन्तरिम सरकारले निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नुपर्ने भएकाले समयाभाव हुने हुनाले नयाँ सरकारले यो प्रतिवेदन अध्ययन गरेर कानुनी कारवाही अघि बढाउने निश्चित छ । रास्वपाले जेनजी आन्दोलनलाई अपनत्व ग्रहण गरेकाले पनि नयाँ सरकारको यो परम कतव्य नै हो भन्ने ठानिएको छ ।




तर जाँचबुझ आयोगको प्रतिवेदन अन्तरिम सरकारले सार्वजनिक गर्नसक्छ । यो प्रतिवेदन सार्वजनिक हुनासाथ फौजदारी अभियोगमा कारवाही गर्न सिफारिस भएकाहरू पक्राउ पर्न सक्छन् भन्ने कानुनचीहरू बताउँछन् । यस विषयमा एमालेका सचिव तथा यही निर्वाचनमा जनताले अस्वीकृत गरिसकेका महेश बस्नेतले एमाले अध्यक्ष केपी ओलीलाई पक्राउ गरियो, छोयो भनेमात्र पनि सडक आन्दोलन गर्ने चेतावनी दिएका छन् । महेश बस्नेतकै सकृयतामा एमाले नेताहरूको सुरक्षामा गठन गरिएको नेशनल भोलिन्टियर फोर्स अहिले नै जमजमाउन थालिसकेका छन् । आयोगका अध्यक्ष गौरीबहादुर कार्की र सदस्यहरूले अन्य आयोगजस्तै यो आयोगको रिपोर्ट पनि थन्किने त होइन भन्ने प्रश्नमा भनेका छन्- यो प्रतिवेदन कार्यान्वयनमा गएन भने अर्को जेनजी बिद्रोह जन्मिने छ । उनले छानबिनमा जो दोषी देखिएका छन्, उनीहरूमाथि कारवाही हुन्छ भन्ने विश्वास जताएका छन् । कारवाही पक्कै हुन्छ ।

स्मरणीय छ, तत्कालीन उच्चाधिकारीहरूमा काठमाडौंका तत्कालीन प्रहरी प्रमुख एसएसपी विश्व अधिकारी ( हाल डीआईजी), काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल पनि पर्नेछन् । अब बालेन साहको नेतृत्वमा सरकार गठन हुने र अर्को हप्ता नै छानबिन आयोगको रिपोर्टमा कारवाही सुरू हुने एक रास्वपा नेताले बताए ।

कार्की आयोगले ७ दिन अघि नै छानबिन रिपोर्ट तैयार गरेर सरकारलाई बुझाउन खोजेको थियो तर चुनावमा राजनीतिक द्वन्द्व बढ्ने र अशान्तिका कारण चुनावमा दुस्प्रभाव पर्नसक्ने भनेर चुनावपछिको मिति तोकिएको थियो र यही रणनीतिअनुसार रिपोर्ट सरकारको सम्पत्ति बन्न पुगेको छ । आयोगका सदस्यका अनुसार भदौ २३ र २४ गतेको घटनालाई छुट्टा-छुट्टै जाँचबुझ गरिएको छ, भदौ २३ मा प्रहरीले गोली चलाउँदा शुरूमा १९ जनाको मृत्यु भएको, प्रहरीलाई गोली चलाउन आदेश दिएको भनेर तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ, परिस्थिति काबुभन्दा बाहिर जाँदा पनि उपल्लो तहमा रिपोर्टिङ नगरेको भनेर फिल्ड कमान्डरलाई समेत कारबाही सिफारिश गरिएको छ । कारवाहीमा केहीलाई फौजदारी, केहीलाई नसिहत र प्रष्टिकरण सोध्ने सिफारिस छ । केही व्यक्तिले सरकारी सम्पत्ति जोगाउन सकृयता देखाएकोले तिनलाई पुरस्कार दिन भनिएको छ । प्रधानमन्त्रीले अध्ययन गरेर सार्वजनिक गर्ने बताएकी छिन् ।

## ५ वर्ष थच्चिए ठूला र मधेसवादी दल



नेपाली कांग्रेस, एमाले, माओवादीको एकलौटी संसद, सरकारको मौजा हदबन्दीमा परेको छ । ठूला दलसँग मोलमोलाई गरेर सत्तालाभ लिइरहेका मधेसवादी दलहरूलाई जनताले सोत्तर पारिदिएका छन् । आगामी ५ वर्षका लागि ठूला दल, मधेसवादी दल र माओवादीको म्याजिक नम्बरको खेललाई जनादेशले समाप्त पारिदिएको छ । जनादेशले यसरी लज्जावोध गराइदिंदा पनि माओवादीबाट नेकपा बनेर बल्लतल्ल रूकुम पुगेर चुनाव जितेका प्रचण्डले आफू अभिभावक भएको फुइँकी लगाएका छन् । उनले नयाँलाई अब गरेर देखाओ भनेर सुझाव दिनसमेत सकेनन् ।

कांग्रेस, एमाले र नेकपाको राजनीतिक साइज बाउन्ने भएको छ भने ती पार्टीका मधेसका नेतालाई चुनावले एक्कै झट्कामा किनारा लगाइदियो । मधेसवादी अब समानुपातिकमा मात्र देखिनेछन् । उपेन्द्र यादव, अशोक राई, राजेन्द्र महतो र रेशम चौधरी, सिके राउत, प्रभु साहहरूको दबदबा सकिएको छ ।

## कांग्रेस, एमाले, नेकपामा नैतिकता



१८, ९, ७ सिटमा चाउरिएका कांग्रेस, एमाले र नेकपामा चुनावी परिणामले भुइँचालो ल्याइदिएको छ । समानुपातिक तर्फसमेत लज्जास्पद हार बेहोरेका छन् यी पार्टीले । देउवालाई नैतिकताको पाठ पढाउने गगन अब के गर्लान् ?

यसकारण सच्चिएको दावी गर्ने कांग्रेसका गगन थापा, हिटलरी तरिकाले पार्टी हाँक्ने एमालेका अध्यक्ष केपी ओली र १८ पार्टी जोडजाड गर्दै माओवादीसमेत परित्याग गरेका प्रचण्डले नैतिकता देखाएर पार्टी नेतृत्व त्याग्ने कि नत्याग्ने भन्ने प्रश्न उठ्न थालेको सुनिदैछ । हुन त चुनाव जित्नकै लागि रूकुम पूर्व उक्लेका प्रचण्डले चुनाव जिते तर उनको नेतृत्वले चुनावमा हार बेहोरेको छ ।

यी तिनै नेता चुनावअघि सम्म लोकतन्त्र, विधिको शासन, सदाचारिता, राजनैतिक नैतिकता जस्ता हुँकार गर्ने गरेका थिए । चुनावमा शर्मनाक हारपछि आफूले बोलेकै कुरा गला लागेको छ । विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापा 'बदल्यौं कांग्रेस, बदल्छौं देश' भन्थे, चुनावबाट कमजोर प्रतिपक्षीमा पुग्दा नेतृत्व छाड्नै पर्ने दबाबमा परिसकेका छन् । चुनावमा यस प्रकारको हार देखेर, सुनेर पनि चुपचाप सिंगापुर पुगेका पूर्व सभापति देउवा मौन छन् ।

काठमाडौं ४ बाट सर्लाही ४ झरेर आफूलाई मधेशका बेटा र परिवार जोड्न आएको भन्ने गगन थापाले 'अबकी बार, गगन सरकार' भन्ने नारा लगाउन लगाएका थिए । गगन थापा, ठूला पार्टीलाई देशैभरि अस्वीकार गरियो । कांग्रेसबाट स्वतन्त्र हुँदै रास्वपा प्रवेश गरेका अमरेश कुमारले गगनलाई हराइदिएका छन् ।

## बालेनको परीक्षा




२०६५ जेठ १५ गते । संविधानसभाको पहिलो बैठक । अध्यक्षता गर्ने बृद्ध कूलबहादुर गुरूङ । प्रधानमन्त्री थिए गिरिजाप्रसाद कोइराला । उनी आफै नगएर झापाबाट चुनाव हारेका कृष्णप्रसाद सिटौलालाई संविधानसभाको बैठकमा गणतन्त्र कार्यान्वयनको प्रस्ताव पठाएका थिए । अध्यक्ष गुरूङलाई कसले दबाब दियो, नो भन्न सकेनन् । गुरूङको भनाइ यूट्यूवमा हेरौं, टार्नै नसकिने दबाब थियो । त्यो दबाब कसको थियो ? रहस्य नै छ । प्रस्ताव राखियो, टेबुल ठटाएर पास भयो । गणतन्त्र कार्यान्वयन भयो । जबकि यो अवैधानिक प्रकृया थियो ।

संविधानसभाले संविधान बनाउन सकेन । दोस्रोपल्टको संविधानसभाले बल्ल २०७२ असोज ३ गते संविधान जारी गऱ्यो । जबकि यो संविधानमा जनताको सुझावलाई बेवास्ता गरियो । संघीइता र धर्मनिरपेक्षता थोपरियो । यो पनि अवैधानिक नै थियो । जसलाई छिमेकीले समेत मान्यता दिएन, नाकाबन्दी झेल्नुपऱ्यो । यो संविधानपछि २ पल्ट चुनाव भयो, चुनावपछि भ्रष्टाचार र अपराधिकरणमात्र भयो । जनताले केही पाएनन्, अपनत्वसमेत लिएनन् ।

भ्रष्टाचार, कूशासन, राजतन्त्र, हिन्दुअधिराज्य अनेक छन् मुद्दाहरू । संवाद, सहमति र सहकार्यका साथ अघि बढ्दा रास्वपा दशकौं राजनीतिक मूलधार हुनसक्छ भन्छन् बुद्धिजीवी ।

## कसरी घण्टीमय बन्यो राजनीति ?



फागुन २१ को चुनावमा घण्टी बज्यो । घण्टीमा जनविश्वास, जनमत, जनाधार ओइरिंदा नेपालको राजनीतिक परिदृश्य नै उथलपुथल भयो । जनादेशले राजनीतिक धार परिवर्तन हुने हो, भयो । अब रास्वपाले कसरी जनअपेक्षा पूरा गर्छ, हेर्ने दिन आयो । परिवर्तन भनेको के हो, जनताले देख्ने भोग्ने दिन आयो ।

देश विदेशमा घण्टी, रास्वपा, सभापति रवि लामिछाने र बरिष्ठ नेता बालेन साह महत्वपूर्ण समाचार बनेका छन् । सबैको चासो छ- रास्वपाको पक्षमा किन यसरी ओइरियो जनमत ?

पटक पटक मत दिए, जनतामाथि अन्यायमात्र भयो । देशभित्र लुट र अपराध बढ्यो । राजनीतिले नेता र तिनका परिवार, आफन्तलाई मात्र परिवर्तन गऱ्यो । देश र जनतामाथि अत्याचार गर्ने यिनको शासन कि चाहियो भन्ने आक्रोशमाथि भदौ २३ र २४ गते सत्तामा रहेका यिनै नेताको दमनले बालबालिमासमेत मारिए । यिनलाई किन भोट दिने, परिवर्तन गर्ने गर्ने भन्ने अठोट देशव्यापी फैलियो, यही आँधीले लोकतन्त्रलाई लुटतन्त्र बनाउनेहरू पछारिए ।

अन्य कारणहरूमा १. जनतामा परिवर्तनको उत्कट चाहना बढेको थियो । कांग्रेस, एमाले, माओवादी, मधेशवादी सबैले आफैलाई हेरे, देश र जनता हेरेनन् भन्ने जनतामा परेको थियो ।

२. परिवर्तन रवि लामिछाने र बालेन साहले मात्र ल्याउन सक्छन् । यिनमा इमान छ, जिम्मेवार छन् भन्ने जनतामा गहिरो छाप परेको थियो । रवि र मेयरको रूपमा गरेको कामले बालेनलाई जनताले परिवर्तनको अगुवा माने । देश विदेशमा बालेनको कामको प्रशंसा र जनसंख्याको ६० प्रतिशत युवा भएको र ती युवामा बालेन साहको क्रेज बढ्दै गएकोले पनि परिवर्तन सम्भव भयो ।

फागुन २१ को चुनावमा गाउँसहर सबैतिर मतदान परिवर्तनका लागि भन्ने आँधी नै चलेको थियो । बालबालिका, बुढा, प्रौढ सबैमा नयाँलाई भोट दिनुपर्छ 'घण्टी, घण्टी' भन्ने लहरले रास्वपालाई ऐतिहासिक जित दिलायो । मूलधार नै बनायो ।

३. चुनाव अघि बालेन प्रधानमन्त्री बन्नुपर्छ भन्ने आकर्षण बढ्दै गएको थियो । रविले समेत अब रास्वपा अघि बढ्यो, किनकि रास्वपासँग बालेन छ भनेका थिए ।

४. गाँस, बास, कपासका लागि रोजगारी खोज्दै सक्नेले अन्य मुलुक र नसक्नेले खाडीमा जानैपर्ने घरघरको पीडा नै रास्वपाको शक्ति बन्यो । प्रत्येक परिवारले बालबालिका, बुद्ध, श्रीमती आँसुका धारा बगाउनुपर्ने बाध्यता । सहारा विदेशमा जानुपर्ने, सकुशल फर्कन्छ कि बाकसमा भन्ने चिसोले सधैं सताइरहने । यो पीडा कांग्रेस, एमाले, माओवादी, मधेशवादी, अन्य दलका समर्थकको परिवारको पनि हो । सबैले परिवर्तन चाहिन्छ भन्ने ठाने र घण्टीमा भोट दिए ।

५. साना साना बालबालिका, बुढामात्र होइन, वैदेशिक रोजगारीमा गएका छोराछोरीले समेत परिवर्तन है परिवर्तन, घण्टी है घण्टी भन्दै भोट हाल्न दबाब दिएका थिए । यही दबाबले ठूला भ्रष्ट पार्टीहरूको भोट गुम्यो, रास्वपाको पक्षमा मतदान भयो । विदेश गएका लाखौं मतदाता घण्टीमा भोट हाल्नमात्र पनि नेपाल आएका थिए । हरेक युवाको मुखैमा परिवर्तन थियो, घण्टी थियो । घण्टीले जित्यो ।

६. १८ वर्षमा १५ सरकार । गठबन्धन गर्ने राज्य ढुकुटी लुट्ने । जनताको कुरा कोही नसुन्ने, पार्टीको सिफारिस वा घूस बिना कसैको काम नबन्ने । यो देशैभरिको रोग थियो, यही रोग निको पार्न घण्टीमा मत ओइरियो ।

७. मुख्य त भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा भएको राज्यदमन, बालबालिकामाथिको गोलीको वर्षा र ७६ जनाले ज्यान गुमाउनु परेको घटनाले देशैभरि स्तब्धता छाएको थियो । यति ठूलो नरसंहारमा कुनै नेताले जवाफदेहीता लिएनन् । पुराना नेताहरू गैह्रजिम्मेवार ठहर भए ।

तर्क गर्नेहरू गर्न सक्छन्, आक्षेप लगाउनेहरू लगाउन सक्छन् । सत्य के हो भने नेपालको इतिहासमा पहिलोपल्ट जनता जागे, जनता जागेपछि परिवर्तन आउने रहेछ ।


## चीन, अमेरिका, भारतको बधाई




फागुन २१ मा निर्वाचन सम्पन्न भएकोमा चीन, भारत, अमेरिकाले खुशी ब्यक्त गर्दै चुनाव सफलतापूर्वक सफलतापूर्वक सम्पन्न भएकोमा नेपाल र नेपालीलाई बधाई दिएका छन् । भारतले नयाँ सरकारसँग काम गर्न तयार रहेको र नेपालको शान्ति, प्रगति र स्थिरतालाई निरन्तर समर्थन गर्ने जनाएको छ भने अमेरिकाले आगामी सरकारसँग हाम्रा दुवै देशको समृद्धि र सुरक्षासम्बन्धि साझा लक्ष्यहरूमा सहकार्य गर्न हामी उत्सुक छौं भनेको छ । यसैवीच चीनले नेपालमा प्रतिनिधिसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा बधाई दिंदै चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले नेपालले आफ्नो राजनीतिक एजेण्डा सुव्यवस्थित ढंगले अघि बढाएकोमा खुशी लागेको बताउँदै नेपालको स्वतन्त्रता, सार्वभौमिसत्ता र क्षेत्रीय अखण्डताको रक्षामा चीनको समर्थन रहने बताइन् ।

छिमेकी र विश्वशक्तिको मिलेर काम गर्ने सन्देश अर्थपूर्ण मानिएको छ ।

# मन्त्री पिट्ने सुरक्षागार्डको बयान




"अघिल्लो मन्त्री परिषद मा पनि उहाँहरू दुबैजना मन्त्री हुनुहुन्थ्यो ! तर मन्त्रालय भने फरक थियो ! त्यतिबेला पनि उहाँहरूको सम्बन्ध त्यति राम्रो थिएन भन्नेकुरा हामीले साथिभाईबाट अलिकति थाहा पाएका थियौं ! यसपटक मन्त्री बनेपछि उहाँहरूको बारेमा केही पत्रपत्रिका र अनलाइन हरूले लेखेका पनि थिए ! तर हामीले मतलब गरेनौं ! हाम्रो काम सुरक्षा दिनु थियो, त्यसैमा आफुलाई केन्द्रित गरेउँ ! मन्त्री परिषदमा केही कुरा पारित गराउने बिषयमा उहाँहरू बीच असमझदारी उत्पन्न हुँदोरहेछ ! फोनबाटै विवाद र भनाभन भएको हामी सुन्थ्यौं ! फोन राखिसकेपछी पनि एक अर्कालाई सुन्नै नसक्ने शब्दमा गाली गर्नुहुन्थ्यो !"

दुई जना बहालवाला मन्त्री का अंगरक्षक को भनाई हो यो ! एकजनाले यसरी कुरा राख्दा अर्का मन्त्रीका अंगरक्षकले नजिकै बसेर यसमा सही थापिरहेका थिए !

"त्यसदिन पनि फोनमा एकछिन भनाभन भएको थियो ! कुरा गर्दै जाँदा आज साँझ भेटेरै कुरा गरौं भन्नेमा दुईजना बिच सहमति भयो र स्वास्थ्यमन्त्री शिक्षा मन्त्रीको निवासमा बेलुकी आउँने निधो भयो ! साँझ पर्न लाग्दा पूर्व सहमति अनुसार दुई जना मन्त्रीको भेटघाट शिक्षा मन्त्री निवासको बैठक कोठामा भयो ! दुईजना मात्र बसेर खानपिन पनि हुँदै थियो ! मेरो मन्त्रीले मलाई अलि चनाखो हुनु, त्यो मान्छे ठिक छैन भन्नुभएको थियो ! उहाँलाई पनि उहाँको मन्त्रीले त्यसै भन्नुभएको रहेछ !

झन्डै एकघण्टा पछि भित्रबाट निक्कै चर्को चर्को आवाज आउन थालेको हुँदा हामी पुर्व निर्देशनानुसार भित्र पस्यौं र ढोका खुल्लै राखेर कोठाको एक छेउमा उभियौं ! त्यो थाहा पाएपछि दुबै जना मन्त्री अलि मत्थर हुनुभयो !

फेरि अलिअलि गर्दै फोहोरी शब्दमा आवाज चर्को हुनथाल्यो !

स्वास्थ्य मन्त्रीले भन्नुभयो :- मधेसी भनेर हेप्नुपर्छ भन्ने मानसिकतामा हुनुहुन्छ भने तपाई भ्रममा हुनुहुन्छ ! हेपिने मधेसीलाई हेपिसक्नुभयो ! हामी हेपिने होइनौं !

शिक्षा मन्त्री :- मैले मधेसी भनेर हेप्ने कुरा त गरेको छैन तर तपाईंको सोचाइ नै त्यस्तै छ !मन्त्री भएर सिँगो देशको कुरा गर्नुपर्ने मा जहिले पनि मधेस र मधेसी को मात्र वकालत गर्नुहुन्छ !धम्किको भाषा बोल्नुहुन्छ !

स्वास्थ्य मन्त्री :- मन्त्री ज्युले पद त पाउनुभयो तर कार्यकर्ता नभएर पछुतो लागेजस्तो छ ! भ्रममा नपर्नुस्- म क्याबिनेट मा तपाई भन्दा सिनियर मन्त्री हुँ ! तपाईंको कार्यकर्ता होइन ! म त थुप्रै कार्यकर्ता र मतदाता भएको नेता पनि हुँ ! तपाईंलाई त के छ र, हिजो जनतालाई चुसेको पैसाले आज मन्त्री हुनुभयो ! आज देशलाई चुसेको पैसाले भोलिपनी मन्त्री भैहाल्नुहोला !

शिक्षा मन्त्री :- कसले चुस्यो देश र जनतालाई ? मलाई पनि आफैं जस्तो घुस्याहा र ठग ठानेको ?

स्वास्थ्य मन्त्री :- गाउँबाट काठमाडौ पढ्न आएको बेला डेरा भाडा तिर्न नसकेर भागेको हो कि होइन ? बोर्डिङ मा पढाउने बेला राम्रोसँग पढाउन नसकेर निश्कासनमा परेको,पछि कलेज को प्रीन्सिपलसंगको मिलोमतोमा क्यान्टिन संचालन गरेको, मिलोमतोको सुत्रले फलिफाप भएपछि कुनै समय सातवटा कलेजको क्यान्टिन संचालन गरेको र क्यान्टिन संचालनबाट एक तह माथी उठेर स्कुल कलेजहरूमा किताब र ड्रेस सप्लाई गरेको कुरा बिर्सनु भयो ? पाँच सातवटा ठुला कलेजहरूमा सेतो सुट ड्रेस का रूपमा राख्न के के गर्नुभएको थियो ? अभिभावकले त्यसको बिरोध गरेर शिक्षा मन्त्रालयमा दिएको उजुरी तामेलिमा राख्न कति खर्च भएको थियो ? हप्ताको दुइचोटी धुनुपर्ने सेतो सुट धुनका निम्ति एकलौटी लन्ड्री समेत संचालन गरेको पैसाले किनिएको होइन कलेज ? अनि अरू कलेज बन्द गराई आफ्नो र आफ्नो समुहका मात्र चलाउने हिसाबले शिक्षा ऐन र नियमावली संसोधनमा निर्णायक पहल गर्नेछु भन्ने बाचा कबोल गरेर जम्मा गरेको पैसाले पहिलोचोटि सांसद पद किनेको होइन र ? को कोसंग कति कति उठाएको, कुन ठाउँमा कसलाई कुन मितिमा कति बुझाएको भन्ने हिसाब पनि छ ! पानीमा बसेर गोहीसँग सिँगौरी खेल्ने हो ?

मधेस मा एकजना सांसदका लागि चाहिने भोटले पहाड र हिमाल मा तिनजना सांसद जितेका छन ! त्यही बहुमत देखाएर हामी माथी शासन गरेका छन !प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री अथवा राष्ट्रपतिको व्यवस्था भए अहिल्यै देख्थे आफ्नो हैसियत ! तर केहि छैन अबको केहि बर्षमा त यिनिहरूलाई निरीह बनाउनु नै छ !

शिक्षा मन्त्री :- बिदेशी खुफियाका एजेन्टहरूलाई धेरै काल्पनिक कुराका कथा बनाउन आउँछ !तिनीहरू का गुरू ले नै त्यस्तो सिकाएका हुन्छन् ! हुन त हाम्रो देशै त्यस्तो भएर हो ! विदेशी हरूले यहाँ ब्यापार व्यावसाय बिग्रेपनी केहि छैन ! नेपालमा मन्त्री बन्न जाने हो, यहाँ लागेको रिण त्यहाँ गएर तिर्ने हो भन्दै आउँछन् यहाँ !उता दामासाहिमा परेका हरू यता आएर मन्त्री बनेपछि फुर्ति गर्नेनै भए ! खुफियाहरूलाई पनि यस्तै टपरटुईयाँ चाहिन्छन ! त्यसैले उनीहरूको टेकोपुरो गरिरहन्छन् ! यता आएर कहाँ कहाँ कस्तो ब्यापार व्यावशाय भयो ? के के गर्नेछु भन्ने कसम खाएपछि राजनीतिको खुड्किला टेकियो ? नागरिकता कसरी किनियो र कुन मुल्यमा मन्त्री भइयो भन्ने हामीलाई पनि थाहा छ ! भाडामा काम गर्न आएकाले आफ्नो र आफुलाई पठाउनेको सोझो गरे काम पुग्यो ! खुरूखुरू गरेर बसेभयो ! नत्र भने त्यही पनि हराएर लखेटिनुपर्ला ! अब हिसाबकिताब गर्नेनै हो भने नागरिकताबाट सुरू हुन्छ !

स्वास्थ्य मन्त्री :- मा........स्ला ! हात छाड्दै आज ठिकाना लगादुँगा !

शिक्षा मन्त्री :- आज यसलाई सिद्ध्याउँछु !

त्यसरी दुई मन्त्रीले गति छाडेर हात हालाहाल गरेपछि पनि हामीले एकछिन थाहा नपाएजस्तो गरेउँ ! वास्तवमा हामीले अघि देखी नै दुई मन्त्रीको चर्तीकला हेरिरहेका मात्र होईन दुबैजनाले उनीहरूको कुराकानी आआफ्नो मोबाइलमा रेकर्ड पनि गरेका थियौं ! यहाँ मन्त्रीहरूले आफुलाई धेरै माथिल्लो दर्जाको र अरूलाई निम्नकोटिको ठान्ने आम प्रचलन छ !सुरक्षागार्ड र सवारी चालक लाई उनिहरू मान्छेनै गन्दैनन् ! जबकि परिस्थितिले हामी दुइलाई सेनामा सिपाहीको जागिर खान बाध्य पारेपनी हामी दुबैले डिग्री पास गरेका छौं !हाम्रो चेतनास्तर कुनै हिसाबले पनि हाम्रा दुई मन्त्रीको भन्दा कमजोर छैन बरू अब्बल नै होला ! अर्को दिन दुई जना मन्त्रीले आआफ्नो अंगरक्षकले कुटपिट गरेको भनी उजुरी गरेपछि हामी माथी कडा कारबाही सुरू भयो ! सम्भवत : नेपाल मा यस्तो घट्ना पहिलो होला - दुइजना मन्त्रीले एकैसाथ आफ्ना अंगरक्षकले कुटपिट गरेभनेर सिकायत गरेको !

अब यहाँनेर अलिकति साँचो कुरा भन्न बाँकी छ ! दुइजना मन्त्रीले आफ्ना धेरै कर्तुत लुकाएर हामी माथी कुटपिटको गम्भीर आरोप लगाएपछि हामीले पनि दुइजना मन्त्री को आपसमा झगडा र हात हालाहाल भएको भनेर बयान दियौं !हामीले उनीहरूको झगडा को रेकर्ड पनि पेस गरेउँ !तर दुइदुईजना बरिस्ठ मन्त्री जसले सरकार को हेराफेरी गर्न सक्थे ,उनीहरूको कुरा नसुनेर हाम्रो कुरा कस्ले सुन्ने ? हामी माथी ठुलो कारबाही हुनेभयो !बास्तबमा त्यो दिन हामी दुइजनाले मन्त्री लाई छुट्याउने निहुँमा धित मरून्जेल गोदेको चाहिँ हो !झगडामा आफ्नो मन्त्री लाई सुरक्षा दिनका लागि अर्को पक्षलाई गोद्नु त के गोलि हान्नु पनि हाम्रो कर्तव्य र अधिकार भित्रै पर्थ्यो ! कसरी मन्त्री बन्दारहेछन् र मन्त्री बनेपछि पदको दुरूपयोग गरेर देशै सिद्द्याउँदा रहेछन् भन्नेकुरा प्रत्यक्ष सुनेपछि भिभिआईपी सुरक्षाको अधिकार प्रयोग गरेर हामीले पनि मिलाई मिलाईकन हातको चिलाई मेट्यौं ! त्यसबेला हामीलाई खोइ के कुराले प्रेरित गर्यो ? एकछिन अघिसम्म को उनीहरूको कुरा सुनेर हाम्रो रगत उम्लिरहेको थियो ! यस्ता मन्त्री भन्दा त गाउँका हलि गोठाला नै दस गुणा बढी असल र सम्मानित हुँदारहेछन् भन्ने कुरामा हामी प्रष्ट भएका थियौं ! दुइजना मन्त्री बीच भएको झगडाको रेकर्ड अहिले पनि हामीसँग सुरक्षित छ ! हामीले जे गरेउँ त्यसप्रति हाम्रो अलिकति पनि पछुतो छैन !

त्यसपछि टाउकामा चोटलागेर पट्टी बाँधेका र अनुहार भुक्क सुन्निएका दुई मन्त्री एकाएक त्यहाँ उपस्थित भए ! तर उनिहरू एकशब्द पनि नबोलीकन टाउको निहुराएर अलप भए ! साभार - सराप-मोचन बाट !

# नेपालमा पश्चिमा प्रभाव बिस्तार र चीनको रणनीतिक प्रतिकारको परिदृश्य



**प्रेमसागर पौडेल**

विश्व राजनीतिको ध्रुवीकरण बढ्दै जाँदा हिमालपारिको मुलुक नेपाल पुनः एकपटक दुई ठूला शक्तिहरू अमेरिका र चीन बीचको भूराजनीतिक भिडन्तको सम्भावित केन्द्रविन्दु बन्दै गएको छ । भर्खरै सम्पन्न निर्वाचनपछि देखिएका केही संकेतहरू, प्रारम्भिक मत परिणामहरू र नयाँ सरकार गठनको चरणले नेपालको विदेश नीति, सुरक्षा अवधारणा र राष्ट्रिय स्वाधीनतामाथि नै प्रश्नचिह्न खडा गरेको छ ।

नेपालको संघीय संसदको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ । प्रारम्भिक मत परिणामहरूले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले दुई तिहाइ बहुमत प्राप्त गर्ने सम्भावना देखाएको छ, जसलाई धेरै विश्लेषकहरूले 'राजनीतिक भूकम्प' को संज्ञा दिएका छन् । रास्वपाका नेता बालेन्द्र साह (बालेन) को नेतृत्वमा सरकार गठन हुने चर्चा छ । तर, सबैभन्दा बढी चासो र चिन्ताको विषय बनेको छ, अमेरिकी सरकारले नयाँ सरकारसँग रक्षा र सुरक्षा क्षेत्रमा साझेदारी गर्न तयार रहेको आधिकारिक घोषणा ।

चीन सरकारको दृष्टिकोणबाट हेर्दा नेपालको यो सम्भावित राजनीतिक परिवर्तन मात्र होइन, यो एउटा गम्भीर खतराको रूपमा देखिएको छ । यसले चीनको राष्ट्रिय हित, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतामाथि प्रत्यक्ष चुनौती दिएको छ । चीनको दृष्टिकोणमा तिब्बत उसको अभिन्न अंग हो । दलाई लामालाई चीनले पृथकतावादी नेताको रूपमा हेर्छ । यदि नेपालको नयाँ सरकारले दलाई लामाको निर्वासित सरकारलाई नेपालमा सक्रिय हुन दियो भने, चीनले यसलाई आफ्नो आन्तरिक मामिलामा हस्तक्षेपको रूपमा लिनेछ । तिब्बतको सुरक्षा चीनको लागि प्राथमिकता हो । नेपाल-चीन सीमा क्षेत्रमा कुनै पनि अस्थिरता वा चीन-विरोधी गतिविधिलाई चीनले कहिल्यै सहन गर्दैन । यसले दुई देशबीचको कूटनीतिक सम्बन्धमा गम्भीर फाटो ल्याउन सक्छ ।

त्यस्तै, चिनियाँ परियोजना रोकिने आशंकाले चीनको आर्थिक र रणनीतिक चिन्ता बढाएको छ । चीनले बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गत नेपालमा ठूलो लगानी गरेको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, सीमापार प्रसारण लाइन, कोशी करिडोर, केरूङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन जस्ता परियोजनाहरू चीनको शानदार छिमेकी नीतिका अंग हुन् । यदि नेपालमा अमेरिका-समर्थक सरकार बन्यो र चिनियाँ परियोजना रोकियो भने, चीनले यसलाई रणनीतिक घेराबन्दीको रूपमा व्याख्या गर्नेछ । चीनको दक्षिण-पश्चिमी सीमा नेपालसँग जोडिएको छ । यदि नेपाल अमेरिकाको इन्डो-प्यासिफिक रणनीति (क्ष्एक) को हिस्सा बन्यो भने चीनलाई आफ्नो पश्चिमी सीमामा ठूलो असुरक्षाको महसुस हुनेछ ।

सूचनामा उल्लेखित शासकीय स्वरूप अमेरिकी नीति अनुरूप परिवर्तन गर्ने विषय चीनको लागि अर्को गम्भीर चिन्ता हो । चीनले सधैं नेपालको संविधान र यहाँको स्वतन्त्र विदेश नीतिको समर्थन गर्दै आएको छ । यदि नेपालले आफ्नो विदेश नीति परिवर्तन गरेर अमेरिकाको नेतृत्वमा रहेको इन्डो-प्यासिफिक रणनीति (क्ष्एक) वा एसपीपी (स्टेट पार्टनरशिप प्रोग्राम) मा सहभागी हुने निर्णय गर्यो भने, चीनले यसलाई हिमालयन रिंग अफ फायरको रूपमा व्याख्या गर्नेछ । यसले चीनको दक्षिण एसियाली रणनीतिलाई कमजोर पार्न सक्छ ।

राष्ट्रपति परिवर्तन र आन्तरिक हस्तक्षेपको आशंकाले पनि चीनलाई चिन्तित बनाएको छ । चीनले सार्वभौम राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति लिए पनि, नेपालमा यसरी राजनीतिक अस्थिरता निम्त्याउने कार्यलाई चीनले रूचाउने छैन । चीनले सधैं स्थिर र शान्तिपूर्ण छिमेक चाहन्छ । यदि नेपालमा बारम्बार सरकार परिवर्तन र संस्थागत अस्थिरता भयो भने त्यसले चीनको दीर्घकालीन लगानी र रणनीतिमा असर पार्न सक्छ ।


यदि यी घटनाक्रमहरू वास्तविकतामा परिणत भए भने, चीनले निम्न तीन चरणको रणनीति अवलम्बन गर्न सक्छ । पहिलो, कूटनीतिक दबाब र चेतावनी: चीनले नेपाल सरकारलाई तिब्बत मामिलामा सचेत गराउँदै चीन-विरोधी गतिविधि तत्काल रोक्न दबाब दिनेछ । राजदूत स्तरबाट हुने भेटवार्ता, उच्चस्तरीय कूटनीतिक वार्ता र संयुक्त राष्ट्र संघमा आफ्नो अडान राख्ने चीनको पहिलो कदम हुनेछ । दोस्रो, आर्थिक प्रतिबन्ध र परियोजना पुनरावलोकन: यदि कूटनीतिक प्रयास असफल भए, चीनले बीआरआई परियोजना रोक्ने, अनुदान सहायता घटाउने र नाकाबन्दी जस्तो अवस्था सिर्जना गर्न सक्छ । चीनले प्रत्यक्ष रूपमा आर्थिक नाकाबन्दी नगरे पनि सीमापार व्यापारमा कडाइ, भन्सार जाँचमा ढिलाइ र निर्माण सामग्री आपूर्तिमा अवरोध ल्याउन सक्छ । यसले नेपालको अर्थतन्त्रमा ठूलो धक्का पुर्याउन सक्छ । तेस्रो, रणनीतिक परिवर्तन: कडा नीति अपनाउने । यदि नेपालले अमेरिकासँगको सुरक्षा साझेदारीलाई मूर्त रूप दियो र चिनियाँ परियोजना पूर्ण रूपमा रोकियो भने, चीनले नेपाललाई बफर जोनको रूपमा हेर्न छोडेर कडा नीति अपनाउन सक्छ । चीनले भारत र अमेरिकासँगको प्रतिस्पर्धामा नेपाललाई बेवास्ता गर्नसक्छ, जसले गर्दा नेपाल अन्तर्राष्ट्रिय समुदायमा एक्लिन सक्छ ।

नेपालको यो सम्भावित परिवर्तन अन्तर्राष्ट्रिय सम्बन्धको व्यापक परिदृश्यसँग जोडिएको छ । अमेरिका र चीनबीचको रणनीतिक प्रतिस्पर्धा दिनानुदिन बढ्दै गएको छ । अमेरिकाले आफ्नो इन्डो-प्यासिफिक रणनीति अन्तर्गत हिन्द प्रशान्त क्षेत्रका देशहरूलाई चीनविरूद्धको मोर्चामा उभ्याइरहेको छ । यसै क्रममा नेपाल पनि अमेरिकाको रडारमा परेको देखिन्छ । यदि नेपालले एसपीपी (स्टेट पार्टनरशिप प्रोग्राम) मा हस्ताक्षर गर्यो भने यसले नेपाली सेनालाई अमेरिकी प्रशिक्षण र उपकरणमा निर्भर बनाउन सक्छ । चीनको लागि यो आफ्नो पश्चिमी द्वारमा शत्रुको प्रवेश सरह हुनेछ । प्रधानसेनापति राजेन्द्र क्षेत्रीको समयमा नेपाली सेनाले गरेको एसपीपी सम्झौता स्थगित गरिएको थियो । उक्त सम्झौताले निरन्तरता पाउन सक्ने आशंका बलियो भएको छ ।

नेपालले सधैं तटस्थ विदेश नीति र सबै मित्र र कसैसँग पनि शत्रुता नभएको नीति अवलम्बन गर्दै आएको छ । तर, हाल देखिएको संकेतले नेपालको यो तटस्थताको परीक्षा ब्यवहारमा हुने देखिन्छ । यदि नेपाल अमेरिकी रणनीतिक परियोजनामा सहभागी भयो भने, चीनले यसलाई तिब्बतको सुरक्षा र आफ्नो पश्चिमी सीमासँग जोडेर हेर्नेछ र त्यसको परिणामस्वरूप नेपालले ठूलो मूल्य चुकाउनु पर्ने हुनसक्छ ।

चीनले नेपाललाई सधैं भरपर्दो मित्रको रूपमा हेरेको छ । तर, यदि नेपालमा अमेरिका समर्थक सरकार बन्यो र चीन विरोधी गतिविधि बढ्यो भने, चीन-नेपाल सम्बन्ध शीतयुद्धकालीन अवस्थामा फर्किन सक्छ । त्यसो हुँदा नेपालले चीनबाट पाउँदै आएको आर्थिक सहायता, पूर्वाधार विकासमा सहयोग, रणनीतिक साझेदारी र सीमापार सम्बन्ध सबै गुमाउन सक्छ । यो अवस्था नेपालको लागि मात्र होइन, सम्पूर्ण दक्षिण एसियाली स्थायित्वको लागि पनि हानिकारक हुनेछ । नेपालको नयाँ सरकारले आफ्नो नीति निर्धारण गर्दा दुई ठूला शक्तिहरूबीच सन्तुलन मिलाउनु आजको आवश्यकता हो । 'घण्टी, सूर्य, रूख' को यो निर्वाचनले नेपालको भविष्य मात्र होइन, हिमालय पारिको सम्बन्धको दिशा पनि निर्धारण गर्नेछ । आगामी १५ दिन नेपालको लागि मात्र होइन, सम्पूर्ण क्षेत्रको लागि निर्णायक हुनेछ ।

*लेखक: नेपालका वरिष्ठ पत्रकार र अन्तर्राष्ट्रिय सम्बन्ध विश्लेषक हुनुहुन्छ । उहाँले नेपाल-चीन सम्बन्ध, हिमालय क्षेत्रको भू-राजनीति, र एसियाली सुरक्षा मुद्दाहरूमा गहन अध्ययन गर्नुभएको छ । उहाँ नेपाल चीन पारस्परिक सहयोग समाजको अध्यक्ष पनि हुनुहुन्छ ।*





# म बूढो भएँ

**जनार्दन सुवेदी**

म बूढो भएँ,
कपाल सबै फुली सक्यो,
समय अब मेरो शरीरमा मात्र होइन,
स्मृतिका तहहरूमा पनि देखिन्छ ।
म सम्झन्छु त्यो माटो,
जहाँ म पहिलोचोटि लडेको थिएँ,
पहिलोचोटि उठेको थिएँ,
र थाहा नपाईकन
त्यहीँ आफ्नै संसार बनाएको थिएँ ।

त्यो घर कुनै संरचना मात्र थिएन,
त्यो मेरो इतिहास थियो,
मेरो आवाज थियो,
मेरो नाम लेखिएको एउटा सानो भूगोल ।

अब भोलि बिहीबार चुनाव छ
भन्छन्, यो जनताको दिन हो
भन्छन्, यो भविष्यको निर्णय हो
भन्छन्, यो परिवर्तनको उत्सव हो ।

म बूढो मान्छे सोचिरहन्छु,
उत्सव किन सधैं कसैको घरबाट सुरू हुन्छ ?

मेरो त्यो आँगन,
जहाँ साँझहरू बिस्तारै ओर्लिन्थे,
आज नक्सामा एउटा रेखा मात्र छ ।
मेरो त्यो ढोका,
जहाँबाट जीवन भित्र-बाहिर गर्थ्यो,
आज एउटा "योजना" भित्र परेको छ ।

उनीहरू भन्छन् - विकास
उनीहरू भन्छन् - पुनर्संरचना
उनीहरू भन्छन् - जनताको इच्छा ।

म भने खोजिरहन्छु,
त्यो इच्छामा मेरो घर कहाँ छ ?

म बूढो भएँ, कपाल सबै फुली सक्यो,
र अब मलाई थाहा छ -
मानिस पहिले घरमा बस्छ,
त्यसपछि इतिहासमा ।

सायद बिहीबारपछि
परिणामहरू आउनेछन्,
ताली बज्नेछ,
भाषणहरू हुनेछन् ।

र सायद त्यही दिन
मेरो घर पनि रहने छैन ।

त्यसपछि म बाँचिरहनेछु,
एउटा नागरिकको रूपमा,
एउटा मतदाताको रूपमा,
एउटा तथ्यांकको रूपमा ।

तर म सोचिरहनेछु चुपचाप -
जब घर नै रहेन भने,
नागरिक कता फर्किन्छ ?

र अन्त्यमा
इतिहासले फेरि लेख्नेछ -
चुनाव शान्तिपूर्ण रूपमा सम्पन्न भयो ।

तर कसैले लेख्ने छैन -
एउटा बूढो मान्छे
आफ्नो घर हारेर पनि
लोकतन्त्र जितेको दिन ।



# चढिन्छ सुस्त टाकुरा

**चन्द्रमणि अधिकारी**
तनहुँ, नेपाल ।

१.
यता उती जताततै विशाल विश्वमा सखी
म देख्छु मौनमा खडा नवीन सोख पारखी
मुसुक्क मुस्कुराउने रमेर साथमा बसी
खुसुक्क कानमा कुरा हुँदैछ मस्त उर्वशी ।
२.
हरेक प्रश्नमा खरो दरो जवाफ छन् दिने
सुनेर वाञ्छनीय छन् कला विवेक हौसिने
मसक्क मस्कियौ भने, म भन्छु लौ चिनें चिनें
लिएर साथमा परी म प्रेम लोकमा हिंनें ।
३.
उदार भाव व्यञ्जना लिएर रम्य रञ्जना
तिमी सखी मिल्यौ अहा सतर्क यो विवेचना
भनेर भन्छु यो कुरा चढिन्छ सुस्त टाकुरा
इलाम बाजुरा पुगेँ, स्वदेश कन्दरा गरा ।
४.
चिटिक्क छौ मुहारमा फिटिक्क छैन जो रिस
बुझाउने गरी भन्यौ समस्त बात कोशिश
सचेतना प्रसारमा निमग्न नायिका झुमी
दिएर प्रेम उम्कियौ निरा ललाटमा चुमी ।
५.
रनन्न रन्न रन्किने दनन्न आग दन्किने
कुनै प्रयासमा कसै हुँदैन क्रोध फन्किने
मुना मिजासमा मिली शनै छु मिल्न तत्पर
खुला सवाल जो भयो गरी विमर्श मत्थर ।




# क्रमस: कथासङ्ग्रह

कथाकार भागीरथी श्रेष्ठको क्रमश: नामक कथासङ्ग्रह २०४३ सालमा प्रकाशित भएको छ । यस कथासङ्ग्रहभित्र उनीद्वारा लेखिएका भुइँचालो, उदारता, अविश्वासको आकाश, समर्पण लगायत विभिन्न शीर्षकका १५ वटा कथाहरू राखिएका छन् । यस कथा सङ्ग्रहभित्रको भुइँचालो शीर्षकको पहिलो कथामा मनमा निराशाले यति धेरै आकार दिँदै गयो कि म सिङ्गै निराशाको एउटै आकार हुन गएँ । लाग्यो, यसरी जिउन निकै कठिन पो हुँदो रहेछ भनेर कथाकारले भनेकी छिन् ।



*अरूणबहादुर खत्री*

यस सङ्ग्रहभित्र रहेका कथाहरू नारी पक्षको विविध भावलाई उद्घाटन गरी लेखिएका छन् । जे जस्तो भए पनि कथामा रहेका चरित्रहरू हाम्रै समाजका भएकाले कथाहरू पठनीय बनेका छन् । उदारता शीर्षकको कथाभित्र कठै आज कसले त्यसरी फूलबारीको स्याहारसम्भार गरोस् ? बुहारीलाई के भन्ने ? एक दिन सुन्तलाको बोट मुनि रोइरहेकी देखेको थिएँ, त्यो देख्दा मेरो मन आकुलव्याकुल भएको थियो । आज फूलबारी आमा मरेको टुहुरो बच्चाजस्तै देखिन्छ बुहारीको उदास चेहराझै शोकमग्न जुलुसझैँ देखिन्छ भनिएको छ ।

अविश्वासको आकाश शीर्षकको कथामा अचानक आज मेरो विश्वासको फाँटमा खडेरी पर्न शुरू गर्छ पक्कै पनि यो एउटा अशुभ सङ्केत हो मेरा लागि । मेरो खुसीको ढोका बन्द भएर दु:खैको ढोका खोलिएको जस्तो लाग्छ । सोच्छु, मैले सधैँ सत्य र अखण्ड ठानेको खुसीमाथि किन आँसुको झोल बर्सन्छ ? निश्चय नै मेरा आँखाहरूले धोका खाएका छैनन् भनेर कथाकार भागीरथीले लेखेकी छिन् । यस कथासङ्ग्रहको नामसँग जुधेको क्रमश: शीर्षकको कथामा अचानक मेरो घरमा एउटी विधवा बाहुनी पाँच वर्षको छोरो लिएर आइन् । भान्से बुहारीको आवश्यकता थियो । उसलाई घरैमा राखे । बाहुनीको नाम राधा रहेछ । करिब तीस-बत्तीसकी हुँदी हुन् तर निकै छिप्पिएकी देखिन्थिन् । धेरै नबोल्ने गम्भीर स्वभाव, काम छिटो छरितो र सफा भएकाले राधा मलाई मन परिन् । मलाई लाग्यो राधा निकै अनुभवी रहिछिन् कथाकार भागीरथीले भनेकी छिन् ।

उनका कथाहरूमा नेपाली समाज, अझ नारीको तन र मन, विकृति र बिसङ्गति, सम्बन्धहीन सम्बन्ध, भाव मनोभावहरू सरल र श्लील भाषा शैलीमा प्रस्तुत भएका छन् । उनले हाम्रो समाजमा भएका सामाजिक विकृति, विसंगति र रूढिवादी परम्परालाई बडो राम्रोसंग उन्ने काम गरेकी छिन् । उनले लेखेका कथाहरूले मानिस र समाजका विविध पक्षलाई उजागर गरेको छ । यो कथासङ्ग्रहभित्र लेखिएका कथा पढेपछि कथाका पात्रहरू आँखा अगाडि हुँदै मनभित्र बस्छन् । समाजको दैनिकीभित्रको प्रेम र पीडा अनि मानवीय सम्बन्धका विविध आयाम नै भागीरथीको कथालेखनको केन्द्र हो । वर्तमान समयमा कथा लेखनमा अत्याधुनिक सोच र नवीनशैली प्रस्तुत हुने गरेका छन् । यस दृष्टिले हेर्दा भागीरथीद्वारा लेखिएका कथाहरू अध्ययन गर्दा शीर्षक, संरचना, विषयवस्तु र प्रस्तुतिमा पनि त्यसको आभाससम्म पाइँदैन । कुनै कथाको खाका बनाइसकेपछि शब्दमा नउतारूञ्जेलसम्म कथाकार भागीरथीलाई एकप्रकारको छटपटी भइरहन्छ । विशेष गरी तिनका पात्रहरूले उनका आँखावरिपरि ओहोर-दोहोर गरेर र अनेक उतार-चढावबाट परिस्थितिहरू गुज्रिएर मनलाई पीडादायी बनाइदिन्छन् ।

उनले उनका कथाका पात्रहरूसँग धेरैपटक खुसी साटेकी छिन् र कहिलेकाही आँखाभरि आँसु पारेर साँझहरूमा उदास पनि बनेकी छिन् । उनलाई लाग्दो रहेछ कथा लेख्नु एउटा पीडादायी अनुभूति पनि हो । कहिलेकाही उनी सोच्छीन् जीवन आफूले सोचे, भोगेजस्तो र अरूले देखेजस्तो हुँदैन शायद । मानिसको प्रवृत्तिलाई एउटै परिभाषामा समेट्न नसकिए पनि जीवनका कतिपय उतार-चढावहरू कही न कहीँ मेल खाइरहेका हुन्छन् । तिनै परिभाषित, अपरिभाषित सम्बन्धहरूलाई उनी कतिपय कथाहरूमा केलाउने कोसिस गर्दछिन् ।

मातृत्व शीर्षकको कथाभित्र सुबोध मकहाँ बराबर आउनुहुन्थ्यो । आश्वासन दिनुहुन्थ्यो माया दर्साउनुहुन्थ्यो । तर पनि म अत्यन्त शून्यता र रिक्तता अनुभव गर्थे । लोग्नेको अभाव महसुस गर्थे । त्यो सिङ्गै घर मलाई सुरूङजस्तै लाग्थ्यो भनेर कथाकार भागीरथीले लेखेकी छिन् । चुरीका टुक्राहरू शीर्षकको कथाभित्र एक रात मेरा लोग्ने रक्सीले टिल परेर आउनुभयो यो मेरो इच्छा बिरूद्ध थियो जसलाई कति रोक्न खोज्दा पनि म हारेकी थिएँ । उहाँको जित उहाँका लागि अहम् र खुसीको कुरा थियो भने मेरो हार मेरो जीवनका लागि चुनौती थियो भनेर लेखिएको छ ।

हाम्रो समाजमा भन्ने गरिन्छ पुरूषहरू स्वार्थी र दुराचारी हुन्छन् । तर यस सङ्ग्रहभित्रका कथा सबै पुरूष पात्र दुराचारी र स्वार्थी मात्र छैनन् । कैयौ पुरूष पात्र निस्वार्थी र सदाचारी पनि छन् । भागीरथीका कथाले वर्तमान नेपाली समाजको निम्न वर्गीय जीवनलाई राम्ररी व्यञ्जित गरेका छन् । कथाकार भागीरथीका फुटकर रचनाहरू विभिन्न पत्रिकाहरूमा बेला बेलामा पढ्न पाइन्छ । कथाकार भागीरथीका कथाहरूले पाठकको संवेदनालाई जुरमुराइदिएको पाइन्छ । कथाले पाठकको सोचाइमा श्रीपेच लगाएर स्पन्दनमा राज गर्न सकेको देखिन्छ । कथाकार भागीरथीको सामाजिक परिदृश्यभित्र यथार्थका धेरै आयामहरू अटाएका छन् । उनले मानिसका अन्तर्पीडालाई बुझ्ने प्रयासमा विश्वासको घोर सङ्कटमा दिशाहीन भएको मानिसको यथार्थलाई आफ्ना कथामा उतारेकी छिन् । धर्मपुत्र शीर्षकको कथामा आजकल विजयका लागि हरेक रात आघातपूर्ण र सन्त्रासहरूले भरिएको हुन्छ । उसले सुधाको अगाडि आँखा चिम्लेर सुतेको बहाना गरे पनि रातको अँधेरीमा विगतका काला क्षणहरूले उसलाई कोपर्न थालेका छन् खर्लप्पै निल्न लागेका छन् । प्रत्येक दिन, प्रत्येक क्षण ऊ मर्माहत भएको छ अतीतका आफ्नै अपराधपूर्ण कुकृत्यहरूले गर्दा भनिएको छ ।

कथाकार भागीरथीमा घटना टिपेर अनुकूल परिवेशले सिगार्ने खुबी छ । त्यही प्रवृत्तिले गर्दा भागीरथी नेपाली साहित्यमा कथाकारका रूपमा चर्चामा आएकी छिन् । यिनको कलम तिखो छ र समाजका विकृति विसङ्गति प्रति प्रहार गर्न सक्षम पनि छ । उनका अधिकांश कथाहरूमा चरित्र चित्रणलाई विशेष जोड दिइएको छ । उनको कथा लेख्ने शैली सरल र बोधगम्य छ । उनले कथामा कौतुहलताको प्रयोग निकै सचेततापूर्वक गरेकी छन् । समाजका विभिन्न वर्ग, क्षेत्र, घटना, चरित्र आदिलाई पात्रहरूको उपयुक्त संयोजनबाट राम्रा कथाहरू सिर्जना गर्न उनी सफल छन् । भागीरथी साहित्य सिर्जनामा हरहमेसा खट्ने ऊर्जा भएकी नारी हस्ताक्षर हुन् । साहित्य लेखनमा डुब्ने लेखकहरू खाली बस्न सक्दैनन् । केही न केही लेखिरहेका हुन्छन् । यस कथासङ्ग्रहभित्र रहेको आकर्षण शीर्षकको अन्तिम कथामा म झुम्दै गएँ, सपनाहरू जोड्दै गए । म प्रेमको आँगनबाट विवाहको मण्डपमा झरेँ । साँच्चै ऊ मेरी आदर्श पत्नी असल गृहिणी बन्न सक्छे मेरो सपनालाई तोड्ने छैन । ऊ आएपछि मेरो घरको रौनक नै बढ्नेछ । उसलाई पाउने एउटा न्यानो विश्वासको ढुकढुकी चलिरह्यो भनिएको छ । कथाकार भागीरथीको कथालेखन अगाडि बढदै जाओस् । आउँदा दिनमा अरू कथासङ्ग्रह जन्मन सकोस् भन्न चाहन्छु ।

कृति: कमश: प्रकाशन: साझा प्रकाशन मूल्य: रू.१९०।-

# मुक्तकका प्रयासहरू : यो मदहोश जवानीको मात मिले पछि



मिठा मिठा शव्दहरु डायरीमा लेखिरहन्छु
हरेक रातका सपनीमा उसैलाई देखिरहन्छु
मेरो नजरदेखि टाढा दूर देशमा छ परदेशी
जब आउँछनि जानै दिन्न बाटो छेकिरहन्छु।

**- उर्मिला पोखरेल**



पराईलाई आफ्नो बनाउन खोज्नेहरु
आफ्नोलाई पराई जनाउन खोज्नेहरु
जिवन्त हुँदैनन् ति अर्ध निन्द्राका सपना
धोकै धोकामा माया खनाउन खोज्नेहरु।

**- गंगा दाहाल**



तिमी ट्रक थियौ जीवनको, म त्यसको टायर भएँ
चुपचाप सुनिदिन्थें, सबको नजरमा कायर भएँ
कस्तो जादु छरेर हिंड्यौ, मुस्कुराउन थाले दृश्यहरू,
नाकाम थिएँ, तिमी आयौ त्यसपछि म सायर भएँ

**- बिनिता आचार्य**



किनहोला आज कता कता दु:खेको तनजस्तो
किनहोला आज कहिले कहिले सुकेको वनजस्तो
मान्छेले मान्छेको कुरा नबुझेर घटेको उचाई नाप्दा
किनहोला यो शिवरात्रि आज भत्केको मनजस्तो ।

**- राजन प्रसाद न्यौपाने**



जे गर्छ, निरन्तर धड्किने, धड्कनले गर्छ
अजर हुन्छ विश्वास आफ्नोपनले गर्छ
न बन्धन, न हुन्छ सिमा, पवित्र प्रेममा !
स्पर्श पवनले गर्छ, महसुस मनले गर्छ ।

**- माया उपाध्याय**



मुद्दाको म्याद धेरैबर्ष परसम्म सार्न सक्दा रहेछन्
मान्छेको दिमाग भुटेर रनभुल्ल पार्न सक्दा रहेछन्
कति शक्तिशाली रहेछन् मिडियाका बान्ह भाईहरू
शिखर चढ्नेलाई आधारशिविर झार्न सक्दा रहेछन् ।

**- शंकर ज्ञवाली**



भीरैबाट लडेपनि कालले छुनेछैन बुझीराख्नु
चित्त नदुखेसम्म मान्छे यसै रूनेछैन बुझीराख्नु
अप्ठ्यारोमा अझै अप्ठ्यारो परोस् नसोचेको राम्रो
आठपनि बझ्छ, साडेसात मात्रै हुनेछैन बुझीराख्नु

**- गंगा आचार्य**



तिम्रो मेरो बानी व्यवहार बात मिलेपछि
जीवन जिउने दिनचर्या र रात मिलेपछि
भावनामा डुब्न थाल्यौं,सामिप्यता बढ्यो
यो मदहोश जवानीको मात मिले पछि ।

**- धर्मिला कार्की**



आफ्नै अन्तरात्मासँग हार्न के राजनीति गर्छौ
सत्यको उज्यालो देख्दा भाग्न के राजनीति गर्छौ
क्षमता छ भने समयसँग जुध, इतिहास बदल,
न्यायको घाँटी थिच्न सत्ताको के राजनीति गर्छौ ।

**- निरजकुमार माझी**



अपूर्व यो संयोगको बयान मैंले गरूँ कसरी ?
आनन्दको असीमित सम्वेगलाई छरूँ कसरी ?
आदरणीय दाजुहरूको यो आात्मीयतालाई
केही शब्दहरूले अथाह भावमा भरूँ कसरी ?

**- शर्मिला कार्की शरू**



जोगाइराखेको पुर्खाले अहिले सान भएको छ
जता गए पनि, सबैको, ईज्जत् मान भएको छ
राष्ट्रिय पोशाक दाउरा सुरूवाल शिरमा टोपी
नेपाली हुँ भन्नेको छुट्टै पहिचान भएको छ ।

**- अर्जुन अधिकारी**



लोकतन्त्रमा राष्ट्पतिको सवारी जाम लाग्छ यहाँ
शिवरात्रीमा नांगा बाबाको राम लाग्छ यहाँ
अनुशाशित त छोरी छन् छोरालाई मनपरी छ
बलात्कारीलाई फूल बर्षाएर घाम लाग्छ यहाँ ।

**- देवी काफ्ले**




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## घण्टीमय नेपाल

साना साना बालबालिका हुन् कि प्रौढ वा बृद्ध आमाबा, सबैको मुखमा घण्टी थियो । देशैभरिको लहर भनेकै घण्टी थियो । भोट घण्टीमा है, यसपाली परिवर्तन ल्याउनैपर्छ । घर, गाउँसमाज, सहरबजार, देश विदेश जता पनि यसपाली परिवर्तनको पक्षमा मतदान गर्नुपर्छ है भन्ने आग्रह थियो । अर्थात् घण्टी, घण्टी । नभन्दै फागुन २१ को चुनावमा जनताले घण्टी बजाइदिए ।

प्रजातन्त्रको बिडा उठाएको भनेर नाक फुलाउने नेपाली कांग्रेस होस् कि २०२८-२९ सालमा झापा आन्दोलनका नायकहरू हुन्, ०५१ सालपछिको १० वर्षे जनयुद्धकाका कथित क्रान्तिनायकहरू तिनले नीति, सिद्धान्त, नैतिकता सबै बिर्सेर भ्रष्टाचारमा लिप्त हुनपुगे । यहाँ सम्म कि राजतन्त्र भनेर नथाक्ने राप्रपाले समेत स्वार्थमा लागेर आफ्नो एजेण्डा बिर्सेको देखियो । सत्ताका लागि जतिसुकै गिर्न, लम्पसार पर्न र जस्तोसुकै अपराध गर्न अग्रसर भए । यो देशको दुर्भाग्य थियो, सराप थियो । दुर्भाग्यलाई भाग्यमा बदल्न सराप मोचन हुन जरूरी थियो । फागुन २१ को चुनावबाट देश र जनता राजनीतिक सरापबाट मुक्त भयो । राजनीतिक फोहरलाई जनताले बढारिदिएका छन् ।

नेताहरूको भ्रष्टाचार, नेपोटिजम, कुशासन, नैतिकपतन चरित्रका कारण सिङ्गो मुलुक सन्त्रासमा थियो । लोकतान्त्रिक गणतन्त्रका सिर्जनाकारहरू भाँडतन्त्रका नायक र भाइनायक बनेका थिए । जनता जो रगतको आँसु पिइरहेका थिए, जो छटपटाइरहेका थिए, मुक्तिका लागि छटपटाइरहेका थिए । यही छटपटाहटको परिणाम थियो फागुन २१ को निर्वाचन परिणाम ।

लोकतन्त्रमा राजनीतिको मक्का, मदिना, बैतर्णी जे भने पनि लोक हुनुपर्ने हो । सुरूमा नेवार राजा, तामाङ् राजा, मगर राजा, लिम्बु राजा, खम्बु राजा भनेर जनता जनता जुधाउनु जुधाए । फेरि भाषाभेष, भेग भनेर बिबाद निकाले । सत्ता स्वार्थका लागि कुनै पनि नेता राष्ट्रिय नेता बन्न सकेनन् । लोकतन्त्रले दिनुसम्मको गोता दियो, लोकतन्त्र बाँदरको हातमा नरिवल भयो । नेताले सत्ता पाउँदा यही नै लोकतन्त्र हो भन्ने भाक्ष्य बनाइयो । यथार्थमा यो लोकतन्त्र थिएन, लूटतन्त्र थियो । नेताहरू लुटाह बनेका थिए । संविधान बनाए, संवैधानिक बन्न सकेनन् । संविधान भने, विधिको शासन स्थापित गर्न सकेनन् । संविधान असफल हुनुको मुख्य कारण नै नेताहरूभित्र पन्पिएको भ्रष्टाचार र अनैतिक आचरण थियो । नेपालमा जे भइरह्यो, अराजनीति थियो । अराजनीतिको हालीमुहालीमा चलेको लोकतन्त्र ग्यास चेम्बर थियो, जुन ग्यासमा उकुसमुकुस बनेका जनता निसास्सिरहेका थिए, त्यो सकस फागुन २१ गतेको निर्वाचनमार्फत बिस्फोट हुनपुग्यो । आमनेपाली अब सहज भएका छन्, सुशासनको आशा पूर्ण हुने विश्वासमा छन् ।

स्मरणीय छ, २६ अप्रिल १९७५ मा सिक्किमी संसदका ३२ मध्ये ३१ सांसदले भारतको २२औं प्रान्त हुन मञ्जुर गरेर प्रस्ताव पास गरे । सिक्किमको स्वतन्त्रता भारतमा गाभियो । त्यस्तै खतरा नेपालमा देखिन थालिसकेको थियो । नेपाल पढ्नेहरूले भन्न थालिसकेका थिए, नेपाल सिक्किमको बाटोमा छ । नेपाल भुटानको नियति भोग्न थालिसक्यो । २०६५ को परिवर्तन त्यसैको कडी थियो । नेताहरूको परजीवी र सत्तास्वार्थी चरित्र देख्दा सबैले भन्न थालिसकेका थिए कि नेपालको हालत त्यस्तै हुनसक्ने जोखिम छ ।

तर नेपाली वीर छन्, बहादुर छन् र विवेकी पनि छन् । नेपाली देशभक्त छन् । यसकारण जेनजीको बिद्रोह हुनपुग्यो, निर्वाचनमार्फत लेण्डुपहरूको पराजय हुनपुग्यो । जनताले जागरूकताले स्वराज जागेको छ, जगाऔं ।

# जनताप्रति गैह्रजिम्मेवार हुँदा ठूला पार्टी सकिए

वीपीको सिद्धान्त छाड्दा ८ दशक पुरानो नेपाली कांग्रेस भुइँमा पानी पोखिएजसरी पोखियो ।

भ्रष्टाचार र आफन्तवाद नै सबैथोक हो भनेर अहंकारी बन्दा ७ दशक पुरानो एमालेको राजनीति मूर्दातुल्य बन्यो ।

२०४६ सालको परिवर्तनपछिका ३८ वर्षमा यिनै नेता र यिनै पार्टीले यतिसम्मको लूटतन्त्र मच्चाएका थिए कि पटक पटक झक्झक्याउँदा पनि उनीहरूमा चेत खुलेन । अन्ततः जनताले नै जनमतबाट गोर्खेलौरी हान्नुपर्ने दिन आयो, फागुन २१ गते यसरी जनताले दण्ड दिए कि यी बुढा पुराना पार्टी र नेताहरूले ऐया पनि भन्न पाएनन् ।

अति गर्नु अतिसार नगर्नु भनिन्छ । अतिसार भएपछि जनताले मतपत्रमार्फत मौन बिद्रोह गरेर देखाइदिए । सुनामी आउन जरूरी थियो, आयो, उथलपुथल गर्ने तरिकाले आयो । जनता कुन हदसम्म असन्तुष्ट रहेछन्, फागुन २१ को चुनावले देखायो । जनतामा यो हदको असन्तुष्टि रहेछ भने देशको स्थिति कति दयनीय भइसकेको होला, कति खोक्रो पारेका होलान्,सहजै अनुमान गर्न सकिन्छ ।

लुसिफर र मिर्जाफर हारून्, जिम्मेवार जितुन् भन्ने जननिर्णय देखियो, परिणाम आयो । नेपाल अर्को ऐतिहासिक मोडमा आइपेको छ । अब गालीगलौजको समय सकियो । जनताले देश र जनताप्रति गैह्रजिम्मेवारमाथि यसरी हम्मर चलाए कि 'स्थापित दल र ठूला भनिएका नेताहरूले पानी' सम्म भन्न पाएनन् । सात आठ दशक पुराना दलहरूलाई चुनावी नतिजाले सन्निपात बनाइदियो । फेरि उनीहरूलाई राजनीतिको मैदानमा उभिन लामो समय लाग्नेछ । त्यतिबेलासम्म बुढा पुराना नेताहरूले उभिने समय ढल्किसकेको हुनेछ । फागुन २१ को चुनावले देखाएको मार्ग भनेको नयाँ पुस्ताको हो । नयाँ सोचको हो, नयाँ जमानाको हो ।

परिवर्तन आयो । यो त नेतृत्व परिवर्तनमात्र हो । अब यो परिवर्तनले जनताको गाँस बास कपासमा परिवर्तन देखाउनु पर्छ । उद्योग खोल्नुपर्छ । युवाले देशमै रोजगारी पाउनुपर्छ । मूल कुरो सुशासन स्थापित गर्न भ्रष्टाचारीमाथि अफजल खानले घातीमाथि हानेजसरी काँडे कोर्रा चलाउनै पर्छ । भ्रष्टाचार, नैतिकहीनताको दल दल बनिसकेको देशको शासन प्रशासन, त्यसलाई सुधार्न नयाँ पुस्ताका लागि चुनौती नै छ ।

तर जनताले विश्वास देखाएका छन्, जनताले जनबल, जनमत दिएका छन्, त्यसैको शक्तिले सुशासन, न्याय र समानता, अवसरको सिर्जना गरेर आत्मनिर्भर अर्थतन्त्रतिर लाग्नैपर्छ ।

राष्ट्रले बेनिभोलेन्ट शासक खोजेको थियो । चुनावमा लुसिफर र मिर्जाफरको खुबै चर्चा भयो । जेनजी आन्दोलन र बिद्रोहपछि चेतनाको लहर त चलेको थियो, त्यो चेतनाको स्तर यति उच्चस्तरीय हुन्छ भन्ने कल्पना पनि थिएन । जनताले चमत्कारी निर्णय गरिदिएका छन् । गाँस बास र कपासको छटपटीमा परेका जनताले स्वविवेक, स्वच्छ र स्वतन्त्र भएर मतदान गर्न पाए, विवेकपूर्ण निर्णय गरिदिए । यो जनादेश भनेको भोको पेट, नाङ्गो आङ् र छानोबिनाको जीवन बिताउने जनताको मत नै हिमाल, पहाड, तराईमा निर्णायक मत हो । यही मतका लागि पुराना पार्टीले अनेक रङ्गलीला देखाए । अनेक तमासा हेरियो । जनताले राष्ट्र र जनप्रतिनिधि नै छान्छन् कि लुसिफर वा मिर्जाफर ? भन्ने प्रश्न थियो, त्यो प्रश्नलाई जनमतले जवाफ दिएको छ, जो जिते देशभक्त जिते । अब काम जित्नेका व्यवहारले देखाउने छ । २०४६ सालदेखि पुर्पुरोमा हात राखेर पछुताउँदै आएका जनताले फागुन २१ मा सम्पन्न निर्वाचनपछि बिहानी आएको छ ।

नयाँ नेतृत्वले देखेका छन्- देश जोखिममा छ । संकटमा छ । बहुदलको भ्रष्टाचारी कालरात्रि घना छ । कालरात्रिले जनयुद्ध चर्कायो, २०६३ सालको जनआन्दोलन निम्त्यायो र परिवर्तन भयो । यो परिवर्तनलाई लोकतन्त्र भनियो, मानियो तर यो लोकतन्त्रमा यति धेरै लूट चर्कियो कि बाध्यकारी भदौरे जेनजी आन्दोलनको रूपमा असिना बर्सियो । आगजनी भयो । न संसद रह्यो, न लोकतन्त्र । न सरकार रह्यो, न संविधान । यसैको परिणाम हो फागुन २१ को चुनाव । चुनावको नतिजा । यो चुनावले देशभक्त, जनताप्रति जवाफदेही, उत्तरदायी प्रतिनिधि छानेको छ । बुढा पुराना भ्रष्टहरूलाई किनारा लगाइदिएको छ । २०४६ देखि जुन पार्टी थिए, तिनै छन्, जो जो नेता थिए, उनै छन् । तिनका राजनीतिलाई जनताले नकारी दिएका छन । अर्को परिवर्तन चाहिएको थियो, आयो । यो परिवर्तनले राष्ट्रवादीको जयजयकार हुनसक्यो भने देशले राहत पाउनेछ । अब भ्रष्टाचारीले छुट पाउने छैनन् । हत्यारा जेलमा पुग्नेछन् । नैतिकहीन दण्डित हुनेछन् । जनताको आशा संवोधन गर्न नयाँ नेतृत्वको कर्तव्य हुनेछ ।

नेपालमा निर्वाचन र नयाँ नेतृत्वको हौसला भइरहेका समयमा विश्व तनावमा छ । अमेरिका र इजरायलले इरानमाथि हमला गरेपछि तेस्रो विश्वयुद्धको खतरा बढेको छ । तेस्रो विश्वयुद्ध हुनसक्ने खतराले विश्व राजनीति ध्रुविकरणतिर उन्मुख छ । चीन र रूस एकातिर अमेरिका र इजरायल अर्कोतिर हुँदा विश्वयुद्धको आहट सुन्न थालिएको छ ।

अमेरिका, इजरायल र इरानवीचको मुद्दा राष्ट्रसंघ प्रवेश गरिसकेको छ । राष्ट्रसंघको आचारसंहिता र निर्णयको अवहेलना भएको छ, राष्ट्रसंघको गरिमा घट्न थालेको छ । कतै विश्व मत्स्य न्यायतिर उन्मुख भएको त होइन ? त्यसको कालो छायाँले विश्व नै प्रभावित भइसकेको छ । नेपालजस्ता साना मुलुकको सार्वभौमिकता खतरामा परिसकेको छ । यस्तो स्थितिमा भएको चुनावले राष्ट्रवाद बोल्नुपर्छ, ठूला क्षिमेकीसँग समदूरी राखेर विश्वशक्तिसँग सकारात्मक हुनुपर्ने छ । अवसरवाद र अहंकारले मौका पाउनुहुन्न । राष्ट्र संकटमा फसेको, भूराजनीतिको चक्रव्यूहमा परेको स्थितिबाट सकुसल अवतरण गराउन नयाँ पुस्ता लाग्नुछ ।




अमेरिका फस्ट, मेक अमेरिका ग्रेट अगेन भन्ने नारासहित अमेरिकामा डोनाल्ड ट्रम्पले चुनाव जितेर राष्ट्रपति बनेका थिए । त्यसपछि अनेक मुलुकमा परिवर्तनका पक्षमा चुनावी नतिजा आएको देखिन्छ । हालैको बंगलादेशको चुनाव होस् कि यसअघिको श्रीलंकाको चुनाव परिवर्तनकै पक्षमा नतिजा आएको हो । तर अमेरिकाबाटै परिवर्तनकारीले मानवीयतालाई समेत माथ गर्दै बाहुबलीतन्त्रतिर उन्मुख हुँदा विश्वभरि सनसनी फैलिएको छ । आणविक अस्त्रतिर आक्रोश प्रवेश गरेको वर्तमान कालखण्डले दोस्रो विश्वयुद्धको जस्तो बिनासलीला भोग्नुपर्ने हो कि भन्ने संशय बढेर गएको छ । बुद्धको देश नेपालका लागि यो समय गम्भीर छ ।

फागुन २१ मा चुनाव भयो । अब परिणाम जनताले चाहेजस्तै आयो । यो निर्वाचनमा स्थापित दलहरूभन्दा परिवर्तनका पक्षमा जनताको लहर छ, पुराना दलहरू अस्वीकृत भएका छन् । बिश्लेषण गरिदैछ कि विश्वभरि फैलिएको परिवर्तनको लहर नेपालमा पनि देखिएको छ र अनुमान गरिन्छ, राष्ट्रवादी धारले देशको सार्वभौमिकता बचाउने छ ।

पुराना दल र नेताले नयाँलाई आगो लगाउने, लुसिफर भनेर अपमानित गरिरहे । निर्वाचनका माध्यमबाट जनताले पुरानाको आक्षेपलाई खारेज गरिदिए । नेपालले खोजेको राष्ट्रवादी नयाँ पुस्ता हो, जनताले नयाँलाई रोजेका छन् ।

दूध र पानी रजहाँसले छुट्याउन सके झैं नेपाली मतदाताहरूले सही र गलत छुट्याइदिएका छन् । देशवादी र देशद्रोही छुट्याउने आधार जनमत हो, जनमतबाट पुरानाहरू पाहा पछारिएझैं पछारिन पुगे ।

समाज परिवर्तनको औजार भनेकै राजनीति हो । राजनीतिको यो नयाँ अध्यायले भ्रष्टाचारबाट सुशासन आउने आशा जनतामा छ, त्यो पूरा हुनेछ ।

माहुरी पालकले माहुरीको बित्तपाते अबस्था जान्न सकेन भने माहुरीको घार नै नष्ट भएर जान्छ । यसै गरी कुनै मुलुकमा पनि नेतागणहरूमा यो बित्तपाते अबस्था आउँछ, यस अबस्थामा मुलुक नै नष्ट हुने खतरा हुनसक्छ । यो राम्रो कुरा हो कि बितपाते नेतागण नष्ट भए, राजनीतिमा नयाँ आँकुरा पलायो ।

२०६५ मा राजतन्त्र किनारा लगाएपछि नेपाली राजनीतिमा रानो छैन । रानु नभएकै कारण जनता र देशप्रति जवाफदेहीपूर्ण राजनीतिको खडेरी परेको हो । बालेन साह अब प्रधानमन्त्री बन्ने पक्का छ । उनले राजतन्त्रप्रति सकारात्मक धारणा राखेका छन् । नेपाल निर्मातालाई राष्ट्राध्यक्षमा स्थापित गरेर सरकार सञ्चालन गर्न रास्वपालाई डोऱ्याउने सके भने त्यो जनभावना अनुकूल हुनेछ । त्यसतिर रास्वपाका जनप्रतिनिधिहरूले सोचुन् । वर्तमान समयको आग्रह र अपेक्षा यही छ ।

निषेध, विभेद र प्रतिषोधपूर्ण राजनीतिक अहंकार अब समाप्त भइसक्यो । नयाँ नेतृत्वमा त्यस्तो उन्मादको छनक छैन । नआओस् । राजनीतिमा नयाँ नयाँ अनगिन्ति राजा जन्मिएका छन्, तिनको खारेजी र एउटै अभिभावक खोज्न सके भने नयाँ परिवर्तन प्रभावकारी हुनेछ ।

लोकतान्त्रिक गणतन्त्रले २० वर्ष खेर फालेपछि फागुन २१ मा परिवर्तनको साइत जुरेको हो । यो साइतलाई जनताले सचेततापूर्वक छोपेका छन् । नयाँ नेतृत्वले राजनीतिक शक्तिहरूवीच संवाद, सहमति र सहकार्यका साथ अघि बढे भने विश्वयुद्धको कालो छायाँबाट देशलाई मुक्त राख्दै शान्ति, स्थिरता र समृद्धितिर अघि बढाउन सकिने छ । भ्रष्टाचारको अन्त्य, घातकलाई दण्ड र शासन व्यवस्थामा सुशासन ल्याउन सकिनेछ । प्रजातन्त्र चाहिन्छ भन्नेहरूले प्रजातान्त्रिक बन्न सकेनन्, धर्मलाई अफिम भन्नेहरू धर्म संस्कृतिका पालनहार बन्ने ढोङ गरिरहे । जो समाज र नेपाली एकताका भँडुवा हुन्, तिनीहरू एकताको नाटक गरिरहे । जो बाल्मिकीको नाटक गरिरहेका थिए, बाल्मिकी बनेर परिवर्तनका संवाहक बन्न सकेनन् । राजनीतिका रत्नाकरहरूको कित्ताकाट गरिदिएका छन् जनताले । रत्नाकरहरूको आतंक, अराजकता देश र जनताका लागि अब सह्य हुनसक्दैन । सभ्य युग, यही परिवर्तनको ढोका खुलेको हो फागुन २१ मा ।

यथार्थमा फागुन २१ को चुनाव चुनावभन्दा बढी जनमत संग्रह थियो । जनता के चाहन्छन्, जनअपेक्षा के हो ? त्यसको परिदृश्य छर्लङ्ग भएको छ ।

यही चुनावले निर्देश गरेको छ- सुशासन देउ । जनअपेक्षा संवोधन गर । जनताले खोजेको परिवर्तन र चाहेको नेताले जनतालाई सुन्नैपर्छ । १६५ क्षेत्रको चुनावमा ६८ पार्टीका ३ हजार ४ सय ६ जना उमेदवार थिए, जनताले घण्टीमय बनाइदिएका छन् देशलाई । सबै फेल भए, घण्टी पास भयो । को रत्नाकर र को बाल्मिकी जनताले प्रष्ट पारिदिएका छन् । पटक पटक जनताबाट चुक भयो, यसपाली चुक हुनपाएन । जसरी २० वर्ष खेर गयो, अब निर्माणको समय आयो ।

जनताले प्रताडनाबाट मुक्ती खोजेका छन् । कुनै प्रकारको सकस जनतालाई स्वीकार्य छैन । जेनजी पुस्ताको रगतमा आएको परिवर्तन हो यो । यो परिवर्तनले जेनजीका सपना साकार पार्नुपर्छ । जेनजी विद्रोह र फागुन २१ नेपालको इतिहासमा सुनौलो अक्षरले लेख्नका लागि सुशासन र अपराधीमाथि दण्ड हुनैपर्छ ।






# परिवर्तन खोजेका जनतालाई धोका नहोस्



विश्लेषण

**रक्षा बम**

*काठमाडौं- भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनकी अगुवा रक्षा बम बिहीबारको निर्वाचनले अनपेक्षित परिणाम दिएको बताउँछिन् । यसघि नै नेपाली जनता परिवर्तनको पक्षमा रहेको संकेत देखिएको बताउँदै बमले यतिसम्मको सचेतना जनतामा फैलिसकेको विषयमा आफूलाई विश्वास नलागेको बताइन् ।*

*'जनता परिवर्तनको पक्षमा छन् भनेर आन्दोलनले देखाइसकेको थियो । तर यति धेरै फ्रस्ट्रेसन बोकेका रहेछन् भन्नेचाहिँ हामीले अपेक्षा गरेका थिएनौं', बमले खबरहबलाई भनिन्, 'पुराना दलको तल्लो तहसम्म संगठन भएकाले जनताले यही निर्वाचनमा यो तहको परिवर्तन गरिहाल्छन् भन्ने हामीलाई लागेको थिएन । तर जनता धेरै सचेत हुनुभए छ । अबका प्रतिनिधिसभा सदस्यले हरेक मुद्दालाई सम्बोधन गर्नु र देशलाई संविधान र लोकतन्त्रको ट्र्याकमा चलाउनुपर्छ ।' बम नयाँ बन्ने सरकारले परिवर्तन चाहेका जनतालाई धोका नदिन आग्रह गर्छिन् । सुरूवाती मतपरिणाम सार्वजनिक भइरहेको बेला बमसँग खबरहबले सात प्रश्न गरेको छ ।*

प्रारम्भिक नतिजामा परिवर्तनको लहर देखिएको छ । यो नतिजाप्रति तपाईंहरू कति उत्साहित हुनुहुन्छ ?

जनताले जसलाई र जति मत दिएका छन् त्यसलाई स्वीकार्नुपर्छ । यो इच्छालाई सधैँ जोगाएर राख्नैपर्छ । हामी उत्साहित छौं । जनताको मतको कदर हुनेछ, कदर गर्नुपर्छ भनेर हामी सडकबाट आवाज उठाउनेछौँ । हामीलाई विश्वास छ, अब हामीले सडकबाट आवाज उठाउनुपर्दैन । नयाँ जनादेशले सदनबाटै जनताको आवाज उठाउँछ ।

यहाँहरू आफैं निर्वाचनमा सहभागी हुनुभएन । यद्यपि परिवर्तनको पक्षमा मतदान गर्न आह्वान गर्नुभएको थियो, त्यसकारण आन्दोलनपछिको परिणाम तपाईंहरूकै हो भन्न मिल्छ नि ?

हामीले हालेको मतको परिणाम नै हो यो। यो प्रारम्भिक चरणको परिणाम हेर्दा सबैजनाले नयाँ लहर र परिवर्तनलाई भोट दिएका छन् । परिवर्तनको पक्षमा आएको नयाँ जनमत स्वीकार्य छ । उम्मेदवार वा पार्टी चाहे जो हुन् जनमत चाहिने नयाँ हो । जनताले परिवर्तन चाहेका रहेछन् भन्ने कुराको पुष्टि भएको छ । पार्टी जुनसुकै र उम्मेदवार जुनसुकै भए पनि यो जनमत हो । जनताले परिवर्तन चाहेकाले हामी मज्जाले स्वागत गर्छौं । हामी मतपरिणामको प्रारम्भिक चरणमा छौं ।

देशभरको अवस्था हेर्दा अबको सदनले देशलाई निकास देला ?

हामी आशावादी हुनुपर्छ । यदि नभएको खण्डमा सडकबाट हामी पनि खरो रूपमा प्रश्न गर्नेछौं । यो नतिजाको परिणाम जे हुन्छ सबै जनताकै पक्षमा हुनुपर्छ भनेर हामी सडकमा रहनेछौं । नयाँ परिणाम हामीले स्वीकार गर्छौं तर गलत नयाँ परिणामबाट हुन्छ भने हामी सडकमा सधैं रहनेछौं ।

देशभरको लहर हेर्दा अब काम गर्न पाएनौं, अर्कोले बिथोल्यो । मैले सुरूवात गर्न खोजेको थिएँ, अर्को आइहाल्यो भनेर भाग्ने अवस्था छैन । यो या त्यो नाममा विरोध गऱ्यो भन्ने अवस्थामा पनि नपुग्ला । उहाँहरूले जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्छ ।

सदनको प्राथमिकता के हुनुपर्छ ?

आगामी सदनले आमनागरिकका मुद्दा केन्द्रलाई राखेर काम गर्नुपर्छ । संसदले एक अर्कालाई आरोप प्रत्यारोप लगाउने भन्दा एकदमै संयमित भएर जनताको पक्षमा काम गर्नुपर्छ । जुन पार्टीको सरकार र नेतृत्व भएपनि जनताप्रति उत्तरदायी भएर भ्रष्टाचारलाई निर्मूल गर्न काम गर्नुपर्छ ।

युवालाई देशमै बस्ने वातावरण सिर्जना गर्ने कोसिस गर्नुपर्छ । संविधान र लोकतन्त्रलाई साथमा लिएर मजबुत बनाउँदै काम गर्नुपर्छ । आन्दोलनबाट प्राप्त भएको उपलब्धिलाई रक्षा गर्दै संस्थागत गरिनुपर्छ । जनतालेको खोजेको परिवर्तनलाई आत्मसात गर्दै गर्न सकिने जनअपेक्षालाई सम्बोधन गरिनुपर्छ ।

प्रारम्भिक नतिजा हेर्दा अपेक्षाकृत थियो अथवा आश्चर्यजनक ?

धेरै अपेक्षा गरेको पनि होइन र धेरै अपेक्षा नगरेको पनि होइन, बीचको तह हो । सामान्यतया भन्नुपर्दा अपेक्षाकृत नै भन्दा पनि फरक पर्दैन । जनता दिग्दार भइसकेका भन्ने कुरा जेन-जी आन्दोलनबाटै थाहा भइसकेको थियो । त्यो आन्दोलन पनि एक हिसाबले फ्रस्ट्रेसनकै विस्फोट हो ।

एक किसिमको अपेक्षितै थियो, तर यति धेरै अपेक्षा पनि गरेको थिएन। जनता यति लेभलसम्म फ्रस्ट्रेट हुन्छन्, यो लेभलसम्मको नतिजा आउँछ भन्ने कुरा हामीलाई लागेको थिएन । नतिजा यो लेभलसम्म आउँछ भन्ने बिल्कुल अपेक्षा थिएन । तर, देशमा परिवर्तन हुँदैछ, परिवर्तनको सुरूवात यही निर्वाचनबाट हुन्छ भन्ने अपेक्षा गरेका थियौं ।

उसो भए सप्राइज हुनुभयो होइन ?

सुरूवाती अवस्थाको अग्रतामै पुराना दलका शीर्ष नेता पछि पर्नुहुन्छ भन्ने थिएन । पुराना दलका शीर्ष नेता एक ठाउँ पनि सुरक्षित नहुनु र अग्रता नलिनुले यहाँले भन्या जस्तो आश्चर्यजनक हो । पुरानो दलका शीर्ष नेताहरू एक ठाउँ पनि सुरक्षित नहुनुले जनताले उनीहरूलाई चिनिसके भन्ने संकेत गरेको छ ।


तर यो केही पार्टीका लागि आश्चर्यजनक भए पनि हाम्रा लागि थिएन । यस्तो हुन्छ है भन्ने कुराको संकेत यसअगाडि नै देखिएको थियो । पुराना दलको तल्लो तहसम्म संगठन भएका कारण देशव्यापी परिवर्तनको सूचना पुऱ्याउन सकेनौं कि भन्ने लागेको थियो । यो ह्वीम हो, परिवर्तन चाहने धेरै छन् । अहिले जनताले पनि परिवर्तन चाहेका छन् भन्ने कुरा अपेक्षा नै थियो । तर अहिले देखिएको परिवर्तन चाहिँ हामीले सोचेको भन्दा बढी नै भयो तर हामी खुसी छौं ।

सांसदहरूलाई सन्देश के छ ?

जनताले परिवर्तन खोजेका रहेछन् । परिवर्तन खोजेका जनतालाई धोका नहोस् । परिवर्तनको पक्षमा जनताले मतदान गरेपछि अब प्रतिनिधि सभाले पनि उनीहरूको कुरा सम्बोधन गरोस् । समय लाग्छ, तर परिवर्तनका लागि कामको सुरूवात होस् । समयसँगै हामीले अपेक्षा गरेका छौं ।

ज्ञानु घिमिरेको सहयोगमा

# घण्टीमय राजनीति



**बैकुण्ठ भण्डारी**
bhandaribai@gmail.com

मतदान गर्न गएको साना साना नानी र बुढाबुढीले भने- घण्टी है बाबु । म जिल्लाराम परें ।

घण्टीको प्रचार यो हदको, म आश्चयमा थिएँ ।

फोनमा बज्थ्यो, सबैले भन्थे, परिवर्तनमा है । आशय उही हुन्थ्यो, घण्टीमा भोट ।

हुन त चुनाउ भनेको जसरी हुन्छ त्यसरी भोट माग्ने त हो नि । पहिलेपहिले पो स्रोतसाधन थिएन, प्रविधि थिएन, अनि घरघरमै आउँथे । पाटीपौवा, चौतारामा बसेर चिच्याउँथे । अब त प्रविधिको प्रयोग गरेर फोनमा नै मागे के भो त ? 'तँ धेरै नकरा है, भन्दिएको छु । प्रविधिको प्रयोग भन्दैमा अर्काको फोनमा छिनछिनमा किरिङ-किरिङ पार्न पाइन्छ ? के गर्ने फोनमा होस् कि भेटमा, सबैको इच्छा परिवर्तन ।

साथीले भन्यो- अस्ति भर्खर लाखौं रूपैयाँ पाएँ भने कुनचाहिँ केटाका सन्देश मोबाइलमा पठायो । पैसा उसले कमायो, केटोलाई पुलिसले समायो ! यस्तो पनि हुन्छ । मलाई सुन्न मन नभएको मान्छेलाई मलाई भोट फलानोमा दिनुहोला भन्ने ?

'ल कुरा गर्नुहुन्छ, उहाँ माइक बोकेका पत्रकार त सडकसडकमा गएर मान्छेलाई भोट के मा भनेर सोधिराका छन् र त केही भएको छैन । तपाईंलाई त गोप्यरूपमा मोबाइलमा भनेका त हुन् !' 'ए, ती त कागले कान लग्यो भन्दैमा आफ्नो कान नै नछामी दौडनेहरूलाई हो । हामीलाई सोधोस् त भोट केमा भनेर ?'

'ल सोध्यो रे ! के गर्नुहुन्छ तपाईं ?' 'गर्न त के गर्नु त्यसरी सोध्यो भने तेरा बाउको टाउकोमा भनिदिन्छु ।' 'त्यस्तो पनि हुन्छ त ?' 'किन नहुने ? तँलाई बजिया ।' 'त्यत्ति सारो नभन्नु है काका । कसैले यसो जान्न बुझ्न पनि सोधेको हुन सक्छ नि ?' 'किन सोध्नुपऱ्यो ? किन जान्नुपऱ्यो ? भोट भनेको त गोप्यरूपमा हाल्ने हो नि !

'त्यो त होइन ।' दिवाकरले उत्तर फर्काउँछ । त्यसो भए किन सोध्नुपऱ्यो त्यसका बाजेलाई ? यसो समाचार हेऱ्यो । फलानोको जित सुनिश्चित अरे ! त्यसका बाजे त्यसरी लेखेकै भरमा हुने भए यत्रो अर्बौं राज्यको ढुकुटी सिध्याएर किन गर्नुपऱ्यो तचुनाउ । समाचार लेख्नेबित्तिकै माला टीका लगाएर जित्यो भने भैहाल्छ नि ! रविन्द्रले भने ।

'त्यो त हो । त्यही भएर त बिग्रेको नि त । सबै आफ्नो अनुसार चलेका भए पो हुन्थ्यो त । अर्कोले चलाएका छन् अनि कसरी सत्य कुरा आउँछ त ?' रविन्द्र मुस्कुराउँदै भने, 'हो बल्ल तैले झोला खोलिस् ! न तेरा पार्टी, न उसको पाटी सबैले अरूको इशारामा चलेका कारण आज यो अवस्था आको हो नि ?

'त्यो त हो काका,' दिवाकरले भन्यो । अहिले त यो रे त्यो रे । विदेशीको पैसा लिएर जनमत संकलन रे ! अनि त्यसमाथि पनि उतैबाट चलेका पत्रकारले के खोज्छ ? आफ्नो देशको समस्या के हो खोजोस् न । नेताहरूलाई चुनाउ जितेर गएपछि भ्रष्टाचार गर्न थाल्यौं । नातावाद र फरियावाद गर्न थाल्यो भने के गर्ने ?

दिवाकर मुसुमुसु हाँसिरहेको छ । काकाले उसलाई बोल्नै दिएको छैन । खेतीको कुरा गरे पो उत्पादन हुन्छ ! कुराको खेती गरेर कहिल्यै फल्छ ? लौ भन त । सबै चूप ।

यसरी एकथरि घण्टी, अर्कोथरि समाजमा, सञ्जालमा नाटकीय प्रचार । यसोभन्दा भन्दै फागुन २१ को चुनाव सकियो । यसपल्ट भने ठूला पार्टीले ऐया सम्म भन्न पाएनन् । धाँधलीको कुरै उठेन । घण्टी पार्टीले सोत्तर पारिदियो । दुई तिहाइ मत नै दिए आमनागरिकले । रास्वपाले यसरी चुनाव जित्छ भन्ने कसेले सोचेको पनि थिएनन् । नेपालको लोकतान्त्रिक इतिहासमा २०१५ पछि यस्तो घटना घटेको हो । भन्नु यत्ति छ कि २०१७ साल नआओस् । हुन त अहिले राजतन्त्र छैन, कू नहोला । तथापि लूट चल्यो, कुशासन चल्यो, भ्रष्टाचार चर्कियो भने अर्को परिवर्तन नहोला भन्न सकिन्न ।

काठमाडौंका मेयर प्रधानमन्त्री बन्नेछन्, सभापति रवि लामिछाने पार्टी हाँक्नेछन्, भ्रष्टाचारी र जेनजी आन्दोलनको रिपोर्टमा कारवाही थालिनेछ । सुशासन आउँछ कि आउन्न, जेनजीका सपना पूरा होलान् कि नहोलान्, रास्वपाको बाचापत्र थन्किएला कि कार्यान्वयन होला ? प्रश्न अनेक छन् । अहंकारले नसिध्याओस्, सचेतता जरूरी छ ।

# अमेरिका पसेर पुस्ता त सखाप हुँदैछैन ?



**रामप्रसाद खनाल**

अमेरिकाको भर्जिनिया उडस्टकमा व्यापार गरेर बस्ने मेरो एकजना नेपाली साथी बिनोद निरौलाजीको सानो छोराले निरौलाजीसँग हरेक शनिवार र आइतवार सोध्दा रहेछन: बाबा सबै चर्च जान्छन्, हामी किन चर्च नगाको ? त्यो सानो छोराले निरौलाजीसँग झगडा पनि गर्दारहेछन्- मलाई चर्च लगिदेउ भनेर ।

२० वर्ष अमेरिकी राजदुतावास काठमाडौंमा कार्यरत निरौलाजी अमेरिकी सेवा गरे वापत अमेरिकी सरकारद्वारा सहुलियत स्वरूप दिइएको ग्रीनकार्ड लिएर अमेरिका आउनु भएको रहेछ । ससाना छोराछोरी र श्रीमतीलाई साथ लिएर । वहाँ बस्ने उडस्टकमा नेपाली समुदाय नभएको र वहाँको सानो छोराले त्यहाँ देखेका,भेटेका छरछिमेकी अमेरिकीहरू, स्कूलका उनका साथीभाई सबै चर्च गएको देखेकाले उनलाई पनि चर्च जान मन लाग्यो । नजिकमा मन्दिरहरू नभएको, नेपाली समुदाय नभएकाले निरौलाजीको सानो छोरा, छोरीलाई नेपाली संस्कृति, परम्परा, हिन्दूधर्मबारे केही थाहा छैन । निरौलाजी भन्नुहुन्छ- खनालजी, म व्यवसाय बिक्री गरेर नेपाली समुदाय भएको, मन्दिर नजिक भएको ठाउँमा सर्नुपर्नेभयो, छोराछोरीले आफ्नो धर्म, संस्कृति सबै बिर्सिने भए, बर्बाद भयो ।

मैले यो प्रसङ्ग यहाँ किन उठाएको हुँ भने हामी नेपाली हौं, हामी नेपालबाट अमेरिका आए पनि वा संसारको जनुसुकै भूगोलमा पुगे पनि आफ्नो धर्म, संस्कार, रिति रिवाज, परम्परा छोड्न सक्देनौं र छोड्न पनि हुँदैन । निरौलाजी मात्र एकजनाको उदाहरण होइन, म २००७ देखि अमेरिका बस्न थालेपछि म एउटा नेपाली गायक, कलाकार, समाजसेवी कार्यकर्ता भएर अमेरिकाको ३४ राज्य घुमेको छु, कार्यक्रमहरू, शो हरू गरेको छु । संसारका ३३ देश घुम्दा धेरै विनोद निरौलाजीहरू जस्तै उदाहरण भेटेको छु ।

म व्यक्तिगत रूपमा भन्छु- मेरा पनि छोरा छोरी छन् यहाँ । अमेरिका बस्न थालेको ८ वर्ष भयो, मेरा छोरा छोरीलाई नेपाली सँस्कार, धर्म, रिति रिवाज, संस्कृति सिकाउँदै त छु तर नेपालमा हुँदा जत्तिकै उनीहरू यहाँ प्रतिवद्ध छैनन्, बिस्तारै उनीहरूलाई पनि अमेरिकी हावापानी, वातावरण, यहाँको संस्कृतिले कताकता छोएको मैले पनि अनभव गर्छु । वर्षौं यहाँ बसेपछि यहाँको संस्कृतिले छुनु अनौठो कुरा पनि भएन तर मलाई के लाग्छ भने सम्भवत: मेरो शेषपछि मेरा धेरै आफन्तजनहरूबाट मेरा छोरा छोरी पनि टाढा हुनेछन । हाम्रो नाता सम्बन्धको डोरी बिस्तारै टाढिदै जानेछ, मेरा सन्तानले मेरा सबै आफन्तजनसँग सानिध्यतामा बाँधिन पाउने छैनन् र मेरा आफन्तजनहरूले मेरा सन्तान सानिध्यतामा चाहेर पनि बाँध्न सक्ने छैनन् ।

नेपाल, सम्झिनुस त पृथ्वीको एउटा गोलार्द्ध हो भने अमेरिका अर्को । नेपालमा दिन हुँदा अमेरिकामा रात र अमेरिकामा दिनहुँदा नेपालमा रात हुने कुराले पनि यो कुरा पुष्टि गर्छ । मलाई साह्रै चिन्ता के छ भने मसँगै कतै मेरो पुस्ता नै नेपालबाट सदाका लागि सखाप हुने त होइन ? भनेर ।

म आफू एक नेपाली गायक, कलाकार भएको नाताले, त्यसबाहेक एउटा सचेत नेपाली नागरिक र पत्रकार भएको नाताले मैले के अनुभव गरेको छु भने हामीले हामी अमेरिका वा संसारको जुनसुकै ठाउँमा भए पनि निम्न कुरा कहिल्यै भुल्न हुँदैन:

१) हामी घरमा हाम्रा बच्चाहरूसँग सधैं नेपाली भाषामा नै बोल्नुपर्छ ।

२) हाम्रा नेपाली चाडबाड, रितिरिवाज मान्नुपर्छ र बच्चाहरूलाई त्यसबारेमा जानकारी गराउँदै जानुपर्छ ।

३) नेपाली जमघट, पिकनिक, सांस्कृतिक कार्यक्रममा बच्चाहरू सहित सहभागी हुनुपर्छ ।

४) नेपाली समुदायमा मर्दापर्दा, सुखदु:खका घडीमा हाम्रा बालबच्चासहित सहभागी हुने, नेपालीपन स्मरण गराउने गर्नुपर्छ ।

५) नेपालबाट आउने हजुरबा, हजुरआमा, आमाबाबु, नातेदारहरू हरेकसँग नजिक बनाउने प्रयास गर्नुपर्छ ।

६) हामी अमेरिकामा भए पनि अहिले संसार निकै सानो भइसकेको छ । फोन, स्काइप, भिडियोकल, यी र यस्ता माध्यमबाट भए पनि नेपालमा भएका आफन्तजनसँग आफ्ना बालबच्चालाई सम्पर्कमा राखिरहने, सम्झाउँदै गर्ने गर्नुपर्छ ।

७) स्कुल, कलेजको पढाई अनि कामका क्रममा स्वभाविक रूपमा तपाई हाम्रा बालबच्चा सहपाठी, सहकर्मी अमेरिकन उनीहरूका साथीहरूको संगतमा पर्छन, टाढिन खोज्छन् नेपालीपनबाट, त्यसबखत बच्चाहरूलाई आमाबाबुले आफ्नो धरातल, आफ्नो बिगत, यथार्थ, आफ्नो संस्कृति, परम्परा, रिति रिवाजबाट हस्तक्षेप गर्ने, सम्झाउने र अभिभावकत्व कुशल ढंगले निर्वाह गर्ने गर्नुपर्छ ।

८) समय समयमा नेपाली भाषा कक्षा, प्रवचन, मन्दिरहरूमा हुने धार्मिक कार्यक्रमहरू, नेपाली समुदायमा गरिने सास्कृतिक कार्यक्रममा बच्चाहरूलाई सामेल गराउने, सामेल हुने गर्नैपर्छ ।

९) नेपाली गीत संगीत सुनाउने, भिडियो, फिल्म देखाउने चाडबाडहरूमा त्यसको महत्वका बारेमा बताउने गर्नुपर्छ । त्यस्तै नेपाली कार्यक्रमहरू जुन इन्टरनेटमा उपलब्ध हुन्छन्, सँगै बसेर हेर्ने गर्नु उपयुक्त हुन्छ ।

१०) घरमा कोही आएको छ वा तपाईं अरूको घरमा जानु भएको छ भने सकेसम्म के प्रयास गर्नुस् भने तपाईहरू भलाकुसारी गर्दा, तपाईहरू सँगै राखेर उनीहरूलाई पनि सहभागी गराउने, उनीहरूलाई पनि कुराकानीमा समावेश गराउनु अति उत्तम हुन्छ ।

११) सकिन्छ भने वर्षमा एकपटक, सकिन्न २ वर्षमा एकपटक, त्यो पनि सकिदैन भने ३ वर्षमा सही एकपटक नेपाल सपरिवार जाने, आफन्तजनसँग भेटघाट गर्नु, चाडबाडका बेला जानु उत्तम हुन्छ ।

१२) आफ्नो चालचलन, लवाई खवाई, संस्कृति नेपाली अपनत्वका बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यदि तपाई हामीले हाम्रा बालबच्चालाई निकट बनाउन सकेनौं भने पछि वा पुस्ता नासिने कुरा परै छाड्नोस् हाम्रै बालबच्चा हामीसँग टाढा हुनेछन् । १८ वर्ष पुगियो, अब कहाँ आमाबाबुसँग बस्ने? अलग बस्नुपर्छ भन्न थाल्नेछन् । हामीसँग होइन, अलग बस्ने, ब्यायफ्रेन्ड-गर्लफ्रेन्डको संस्कारतिर मोडिने छन् र हामी पनि क्रिसमसमा छोराछोरी भेट्ने दिन सम्झेर कुर्नु पर्नेछ । बृद्धावस्थामा एक्लै हुनेछौं, सचेत हुनैपर्छ ।

सबै अमेरिकी संस्कार खत्तम हुन्, यो कुनै हालतमा होइन । यहाँ अत्यन्त राम्रा संस्कार, अनुशासित पारिवारिक वातावरण पनि छन् । नेपालमा भन्दा झन कडा अनुशासनमा रहेका बालबच्चा मैले धेरै देखेको छु । तर दु:खद पक्ष के भने हामी पहिलो पुस्ताका नेपालीहरू धेरैजसो अमेरिका मात्र होइन कुनै पनि देशमा निम्न स्तरको काम, जागीर गर्न बाध्य छौं । हाम्रो संगत निम्नस्तर सँगकै अमेरिकन वा विदेशीहरूसँग हुन्छ, हामीले माथिल्लो तहसँग निकट हुन, संगत गर्न, सिक्न मौका नै पाउँदैनौं । त्यसकारण हामी थुप्रै राम्रा कुरा, राम्रा संस्कारबाट बन्चित पनि छौं । यद्यपि हामी पछाडि होइन अगाडि बढ्नैपर्छ ।

भाषा, संस्कृति, परम्परा बिर्सिदै गइयो, बालबच्चालाई बिर्साउँदै लगियो भने नतिजा हामीले हाम्रै जीवनकालमा भोग्नु पर्नेछ, पछुताउनु पर्नेछ, बृद्धाश्रममा बुढालाई बुढी र बुढीलाई बुढोमात्र भएर बाँच्नु पर्नेछ । अझ त्यसमध्ये जो छिटो मृत्युवरणमा परिन्छ, बाँच्नेले एक्लै पीडादायी जीवन निर्वाह गर्नुपर्नेछ । त्यस्तो जीवन कसैले कहिल्यै बिताउन नपरोस्, म कामना गर्छु ।

मेरो एकजना छिमेकी नेपाली महिला मसँग धेरैचोटी बाझिन् । मैले कुनै पनि नेपाली जमघटमा मेरो छोराछोरी र अरू नेपालीका छोराछोरीलाई भन्छु- तिमीहरू अंग्रेजी होइन, नेपालीमा कुरा गर्नुपर्छ । उनले कैयौंपटक मेरो प्रतिउत्तर फर्काउँदै भन्छिन्- होइन खनालजी, म तपाईसँग सहमत छैन । अमेरिकामा तपाई हाम्रा बालबच्चाले किन नेपाली बोल्नुपऱ्यो र ? के काम नेपाली बोलेर ? उनका २ वटा बच्चाहरू छन्, उनका बच्चाहरू नेपाली बोल्दैनन्, भुलिसकेका छन् । किनकि ती महिला र तिनका पतिदेव उनका बच्चाहरू अंग्रेजीमा कुरा गर्दा संसारै जित्याजस्तो मुद्रामा दङ्ग पर्दै एकापसमा हेराहेर गर्छन् । मैले कैयौंपटक छुच्चो बनेरै भनिरहकेको छु- जहाँ गए पनि नेपालीमा कुरा गर ल । बुझ्नेहरू भन्छन्- तपाईले भनेको जायज कुरा हो । उपबुज्रुकहरू आपत्ति प्रकट गर्छन्- यस्तै छ, यहाँको चलन ।

एकछिन नेपाल फर्किउँ । अव "पुरानो नेपाल" हामीसँग छैन । नेपाल "नयाँ नेपाल" भएको छ । १ सय ३१ पार्टी, चोरडाँका, फटाह, ज्यानमारा, वापती, दिमाग शून्यहरूसम्म नेता बनेका छन् । राजादेखि नेतासम्म, औंठाछाप देखि ज्यानमारासम्मले शासन गरेको देश, सबै असफल भएको देश । ८५ प्रतिशत हिन्दू भएको तर हिन्दूधर्म मासिएको देश, मन्दिरहरू भत्किदै जाँदा चर्चहरू बढ्दै गएको देश, ८५ प्रतिशत हिन्दू अल्पमत, अन्यायमा परेको देश, दौरासुरूवाल, गुन्युचोली खोसिएको देश । समग्रमा नाम मात्रको भएको छ देश । मासिदै गरेको संस्कृति, भासिदै गरेको नैतिकता, चुलिँदै गएको व्यभिचार, भ्रष्टाचार, अन्याय, अत्याचारयुक्त "नयाँ नेपाल"का तपाई हामी अझै नेपाली नै हौं । स्वदेशमा बसौं वा विदेशमा पसौं । हाम्रो पहिचान नेपाली नै हो । तसर्थ नेपाली संस्कृति, मान्यताहरू यसका मर्महरूलाई कहिल्यै नभुलौं । उता त बिग्रे बिग्रे, हामी यता नबिग्रौं । नेपालीत्व जोगाई राखौं । यही आग्रह तपाईहरूसँग । आगे तपाईकै जो मर्जी ।

# An Electoral Shock and the Need for Institutional Correction

## Leadership renewal following electoral loss is how democratic systems correct and regenerate themselves.

**Dr. Alok K. Bohara**



*Preamble: Before reflecting on the broader implications of this election, it is worth acknowledging the leadership of Prime Minister Sushila Karki and her team for guiding Nepal through a difficult period and keeping the country on a democratic track.*

*The voters have now delivered a powerful message of renewal. The reflections below therefore carry lessons for both the winners and the losers—humility and responsibility for those who have gained the mandate, and reflection and renewal for those who have lost ground.*

The election results now emerging represent more than a routine change in political fortunes. They signal a profound moment of correction in Nepal's democratic system.

For the new political force that appears to have received this mandate, the first response must be humility. Electoral victory brings excitement and celebration, but it also brings a deeper responsibility. Expectations are now extraordinarily high. Citizens are not only voting for new faces; they are expressing hope for a different political culture—one that values integrity, competence, and public purpose.

The responsibility ahead is therefore larger than the victory itself.

If the new leadership wishes to truly reshape Nepal's political landscape, it will need to move beyond partisan triumph. Nepal's development challenges are too large for any single party to address alone. This moment offers an opportunity to embrace talent wherever it exists—across parties, professions, and generations.

History offers useful lessons. When Abraham Lincoln assumed the American presidency during one of the country's most fragile moments, he deliberately assembled what historians later called a "team of rivals"—bringing capable individuals from different political factions into his government. The purpose was not political convenience, but national necessity. In more recent times, leaders in several democracies have also reached beyond their immediate political base during moments of national transition—drawing on expertise across parties and institutions to stabilize governance and rebuild public trust.

Nepal now stands at a moment where a similar spirit of inclusion could help establish a healthier political culture—one where competence and commitment to national development matter more than party boundaries.

But electoral correction does not apply only to the winners.

For the parties that have suffered major setbacks, this moment calls for reflection and institutional renewal. In many functioning democracies, leadership transitions often follow significant electoral defeats. In the United Kingdom, party leaders such as David Cameron (after the Brexit referendum) and Jeremy Corbyn (after electoral defeat) stepped down to allow their parties to regroup. In Japan, leadership changes within major parties frequently follow disappointing electoral outcomes. In Australia and Canada, leadership accountability after major losses is widely accepted as part of democratic practice. These changes are not acts of humiliation; they are signals of accountability and renewal.

Nepal's party system has historically struggled with this practice. Leadership has often remained unchanged even after voters have clearly demanded political change. As a result, the feedback loop between voters *and party institutions has remained weak.*

*Leadership renewal following electoral loss is one of the mechanisms through which democratic systems regenerate themselves. When parties allow new leadership to emerge, they demonstrate that they have heard the message of voters and are prepared to adapt.*

*This election may therefore carry two important lessons.*

*For the winners: govern with humility, broaden the circle of talent, and build a new political culture. For the parties that lost: renewal often begins by opening the door for new leadership.*

*In this way, the electoral shock can become not merely a moment of disruption, but a step toward strengthening Nepal's democratic institutions.*

*Democracies do not renew themselves automatically. They renew when winners govern with humility and when those who lose have the courage to step aside and allow new leadership to emerge.*

Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution through the lens of complexity and emergence science. His systems-policy essays on Nepal's socio-economic and political landscape appear on Nepal Unplugged.

## In the Context of International Women Day Women Empowerment and Promotion in Nepal Through

# Equal Access of Girls and Women to Education

**Professor Dr. Uttam K. Karmacharya :** **Resources Person for Equal Access of Girls and Women to Education LRC/ACCU Tokyo Japan**




**Rationale for Girls' and Women's Education**

Gender inequality in education is extreme. Girls are less likely to access school, to remain in school or to achieve in education. Education helps men and women claim their rights and realize their potential in the economic, political and social arenas. It is also the single most powerful way to lift people out of poverty. Education plays a particularly important role as a foundation for girls' development towards adult life. It should be an intrinsic part of any strategy to address the gender-based discrimination against women and girls that remains prevalent in many societies.

The following reference will further explain the necessity of girls'/women's e Education.

1. Education is right

Everybody has the right to education, which has been recognized since the Universal Declaration of Human Rights (UDHR) in 1948. The right to free and compulsory primary education without discrimination and of good quality, has been reaffirmed in all major international human rights conventions. Many of these same instruments encourage, but do not guarantee, post primary education. These rights have been further elaborated to address issues like quality and equity, moving forward the issue of what the right to Education means, and exploring how it can be achieved. As a minimum: states must ensure that basic education is available, accessible, acceptable and adaptable for all.(4A Scheme) the right of girls to education is one of the most critical of all rights-because education plays an important role in enabling girls and women to secure other rights.

2. Cultural changes

Cultural and traditional values stand between girls and their prospects for education. The achievement of girls' right to education can address some of societies' deeply rooted inequalities, which condemn millions of girls to a life without quality education-and therefore, also all too often to life of missed opportunities improving educational opportunities for girls and women helps them to develop skills that allow them to make decisions and influence community change in key areas. One reason for denying girls and women their right to an education is rarely articulated by those in charge: that is their fear of the power that girls will have through education. There is still some resistance to the idea that girls and women can be trusted with education. Education is also seen in some societies as a fear of change and now with globalization, the fear becomes even grater-fear to lose the cultural identity, fear of moving towards the unknown or the unwanted, and fear of dissolving in the many others.

3. Better health

Basic education proves girls and women with an understanding of basic health nutrition and family planning, giving those choices and the power to decide over their own lives and bodies. Women's education leads directly to better reproductive health, improved family health, economic growth, for the family and for society, as well as lower rates of child mortality and malnutrition. It is also key the fight against the spread of HIV & AIDS.

4. Poverty reduction

Educating girls and women is an important step in overcoming poverty. Inequality and poverty are not inevitable. "The focus on poverty reduction enables the right to education to be a powerful tool in making a change in the lives of girls and women. Poverty has been universally affirmed as a key obstacle to the enjoyment of human rights, including the right to education ,which disproportionately affect girl and women various grounds of discrimination combine trapping girls in vicious downward circle of denied rights. Denial of the right to education leads to exclusion from the labor market and marginalization into the informal sector or unpaid work.

5. Emerging status of female education

Since fifty percent of the Nepalese population constitutes women, any endeavor without the participation of women will be an incomplete affair. So, until the active participation of half of the population is obtained,nothing substantial can be gained. Owing to illiteracy and traditional social conventions and customs, a majority of women population have yet to enter into the main stream of development process in big way. Since 1970 which is also called the era of Women's Education, the government has been giving special attention to this significant segment of the population. The promotion of female education has become the top priority in every governmental and non-governmental cell and sector of education. The opportunities for education through different possible alternative and innovative approach and media, and assistances in family care are some of the fields where women have been given special attention in consonance with the plans and policies of the Seventh plan.1985-90. For the purpose of blancing the participation of women in the national development work, it is our foremost duty to enlist women in all the activities relating to national development.

The participation of the maximum number of women in our development efforts certainly helps to speed up the pace and to lead to a more equitable distribution of the benefits which can contribute to making lives of the people better and more fulfilling as envisaged in our "Basic Need Programs".

Thus, for rising the status of women it is essential to frame out objective-oriented strategies and programs based on past experience and on new developments. But the main thrust should be on providing a sound framework. The need is there for chalking out a program and plan of action which is more suited for women of Nepal in our cultural and economic context.

6. Objective of education for girls and women

**A) National level**

1. Universalizing of primary education by the year 2015
2. Contribution to the national development process by all men and women.
3. Increment of girls and women's participation in education generally.
4. Raising the social status of girls and women.
5. Raising the literacy rate of women.

**B) Local community level**

1. Strong participation of women in all community development activities especially literacy programs.
2. Change of altitudes and beliefs towards female education.
3. Consciousness of the benefits of female education.
4. Increment of girls' enrolment at school level.
5. Betterment of the overall family living conditions.

c) Individual level

Development of positive self image and self concept.

7. Strategies to improve the status of female education

**A) Formal education system Access**

1. Provision of free education up for all children, especially for girls of remote areas up to secondary level.
2. Increment of the number of primary schools.
3. Competition between schools regarding girls' enrolment.

**B) Infrastructure : Upgrading of the primary school teachers in quantitative and qualitative terns.**

· Priority to female primary teachers in employment.

· Provision of hostel facilities for girls.

**Relevance**

1. Start revising the existing School curriculum.2. Integration of the school activities and community development.

B) Literacy

1. Implementation of functional literacy programs especially for women.
2. Organization of morning classes for out of school girls (Cheli-beti) or children (Shikshya Sadan) which combine literacy and health activities.

C) Non-formal skill development

1. Provision of skill training courses for rural women.

D) Advocacy

1. Awareness rising towards the national and individual need of female education by use of printed, audio and audio visual as advocacy materials.
2. Creation of field for informal learning by encouragement of the female primary teachers to work actively as a change agent in their villages.

This year I am very happy to depict a congratulatory messages to our Girls / women students of Iwamura College of Health Science for getting top scoring in five different faculties of our College among male / boys student to commemorate International Women Day as stated below:

8. Some major efforts of governmental and nongovernmental programs and activities:

Since the adoption of 1975 as the international women's year, numerous activities have been introduced towards promoting girls' and Women's Education. The following major programs can be stated in this category in a nutshell.

1. Free textbooks for girls: To encourage parents to send their girls to school for longer duration the government of Nepal has provided free textbooks to female students of the districts.
2. Ratna Vidya Medal : Female students who have secured the highest positions in the school leaving certificate examination are decorated with this medal which carries a scholarship also.
3. Aishworya Vidya Media: Queen Aishworya has instituted Aishworya Vidya Media which is awarded to the female students who secured the highest position in the certificate examination of all faculties.
4. Preferences for Women in Primary School Teaching: The Government has adopted a policy of giving preference to girls and women in the appointment of teachers in primary schools.
5. School Award Program: Since 1976/77 the Ministry of Education and Culture has been awarded annual cash prizes to schools that enroll the largest number of female students in 18 remote districts. In addition to it, the Ministry of Education Women's Education Project in collaboration with the national population commission awards cash prizes of Rs. 6000/- (first prize) and Rs. 4000/- (second prize) to the schools in four zones that enroll the highest number of female students in every two years on a rotation basis, effective from 1982/83
6. School Scholarship programme: A school scholarship programme has been implemented with the assistance of National Population Commission for the indigent people for the remote and educationally backward districts.
7. Child care centre: In has been found that having younger siblings at home are one of the obstacles for schools age girls to attend school. In certain rural areas, there is a particular project launched by UNICEF where there are child care centers also.
8. Adult Education Programme: Illiteracy has been a major bottleneck in educating children. Rural people are less literate than the urban people. So the Adult Education Section, Women's Education Porject, Education for Rural Development Projects, etc of the MOE and other governmental agencies and non-governmental agencies like Nepal Women's Organization, Agricultural Development Bank etc. are implementing literacy programmes in order to eradicate illiteracy from the country.
9. Education Programme for Rural Development (Seti Project): The Seti Project has implemented various innovative programmes in Seti Zone Chelibety programme is one of the programmes. This programme has facilitated increasing the participation of girls in education that is out of school.

In conclusion we must give priority to five steps to improving equal access of girls and women education. They are:

1. Provide a strong foundation through early childhood development.
2. Manage strong focus on basic education.
3. Educate with job relevant skills to lunch own business.
4. Create conducive environment that encourages in knowledge and creativity.
5. Promote flexible, efficient and secure labor market.

# राष्ट्रिय समस्याको पहिचान



राष्ट्रिय समस्याको पहिचान

राष्ट्रिय समस्याको पहिचान नगरिकन त्यस देशको राम्रो योजना गर्न सम्भव हुदैन । राष्ट्रका समस्यालाई राम्ररी पहिचान गर्न निम्न चार भागमा बाडेर गरिएको छ :

(क) विकास विसंगतिका समस्या,

(ख) बस्ती बनोटको मूल समस्या,

(ग) भू-प्रयोगको वर्तमान स्थितिको समस्या, तथा

(घ) ब्यबस्थापकीय पक्षका समस्या ।

**विकासमा देखिएका विसंगतिहरू :**

१. समस्याका मूल कारण:

प्रकृतिले नेपाललाई विश्वकै उत्कृष्ट देश बनाएको छ । तर हामीले नेपाललाई विश्वमै पछाडि परेको देश बनाएका छौँ । प्राकृतिक स्रोतसाधनको सही प्रयोग गरेर विश्वकै सर्ब सम्पन्न देश र विश्वकै उत्कृष्ट नागरिक भएको देश बन्नु पर्नेमा नेपाल विश्वकै विपन्न, अज्ञान र अचेतन नागरिक रहेको देश बन्न पुगेकोछ । देश बर्बाद गर्ने हामी नेपालीको प्रवृत्ति हो, हाम्रो प्रशासन शैली हो र हाम्रो राजनीति हो । यसो हुनुका कारणहरू हुन् :

- सही योजना, नीति र कार्यक्रम हुन नसक्नु,
- दीर्घकालिन राष्ट्रिय मूल नीति नहुनु,
- प्रशासकीय तथा ब्यबस्थापकीय पद्धतिको अभाव,
- राजनीतिक प्रतिबद्धता नहुनु,
- राजनीतिक कर्मी राष्ट्रियता प्रति संबेदनशील हुन नसक्नु,
- राष्ट्रिय समस्याहरूमा समेत ऐक्यबद्धता जाहेर गर्न नसक्नु,
- बिदेशी शक्तिको चलखेल तथा प्रलोभनमा नेतृत्व बर्ग बहकिनु ।

२. उपलब्धिहीन योजना :

देशको सर्वाङ्गिण विकास गर्न राणाकालदेखि नै केही कदम चालिएका थिए तर पनि तिनताक योजनावद्ध विकासको अवधारणाको विकास नै नभएकोले के हुनुपर्ने के हुनुनपर्ने कुरालाई त्यत्तिकै छाडे पनि २००७ सालपछि भने विकास गतिको नारा राष्ट्रव्यापी रूपमा घन्काइयो तर पनि योजनाबद्ध विकासको थालनी २०१३ सालबाट भएको हो । यस बीचमा विकासका अनेक सिद्धान्त तर्जुमा भए । अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजनाहरूको तर्जुमा भयो । धेरै थरिका कार्यक्रमहरू बनाइए र लागू पनि गरिए तर उपलब्धि केही पनि भएन अथवा नाम मात्रको भयो । सबै लगानी बालुवामा पानी खन्याए झैँ हुन पुग्यो । यसो हुनुकाा मूल कारण थिए :-

१ योजनाकारले गरेका योजना सतही थिए । अर्थात नेपाली खाँचोको आधारमा गहिरिएर कारणका कारण पत्ता लगाउँदै मूल कारण पत्ता लगाउन सकेका थिएनन् ।

१ योजनाहरू दातृ राष्ट्र र विदेशी सल्लाहकारका भनाइ अनुसार मात्र बनाइएका थिए, छन् । उनीहरूले नेपालको होइन आफ्नोा देशको स्वार्थ हेरेर मात्र काम गरेका छन् ।

१ विदेशमा तालीम गरेका नेपाली योजनाकारले अर्को देशको अर्कै वातावरणकालागि उपयुक्त मानिएका सिद्धान्तलाई कार्वनकपी गरी उतार्ने गरिएको थियो, छ ।

योजना चरणवद्ध र वैज्ञानिक थिएनन्

विकास सिद्धान्तको प्रथाको विकास नगरी हचुवा तालले गरिने गरिएबाट विकास योजनाहरू राजनीतिक नेताका भनाइँमा अदलबदल, स्थानान्तरण, स्थगन हुने गरेका अर्थात् राजनैतिक कार्यर्त्ताका खेलौना बन्न पुगेका छन् ।

विकास योजनाहरू निहीत व्यक्ति वा समूहका लागि अर्थोपार्जन गर्ने थलो बनेका छन् ।

१ राष्ट्रिय दीर्घकालिन मूल-नीति बनाई एउटा स्पष्ट पद्धति ९क्थत्तभ्m० को निर्माण गराई देश संचालन गर्ने तथा राष्ट्रप्रति समर्पित र प्रतिबद्ध हुनैपर्ने कार्य भएका छैनन् ।

१ ९० प्रतिशत गाउँमा बस्ने जनतालाई पछाडि छाडेर बनाइएका योजना सबै नक्कली, केन्द्रीकृत र सामन्ती प्रवृत्तिले ग्रसित छन् ।

३.आयातित योजना:

नेपाललाई प्रकृतिले प्रसस्त बस्तु दिएर पनि परिस्थितिले माछो माछो भ्यागुतो गराएको छ । यसो हुनुमा धेरै कारण छन् । केही हुन् :

ख नेपाल भूपरिबेष्टित छ र भूपरिवेष्टित देशले मौलिक हक प्राप्त गर्ने क्षमता नेपाली राजनीतिले राख्न सकेन । केवल आन्तरिक द्वन्द्वमा अलमल्यायियो, अलमलिइरहेको छ ।

ख नेपालीले आजसम्म कुनै प्रकारको बिकट संकष्ट भोग्नु नपरेकाले समाधानका सही उपायका लागि सही संगठनात्मक रूपको मजबुत जरा बनाउन सकेनन् ।

ख जनता आफैँले आर्थिक क्रान्तिको अभियान थाल्ने कुरा जनमानसमै चढ्न सकेन ।

ख फलत: यथास्थिति रहने एउटा अल्छिपनको रोग यहाँ जन्मियो ।

ख यी सबै कुराको फल के भयो भने एक प्रतिशत भन्दा थोरै जनसंख्याले मात्र संसारका देशहरूले गरेको प्रगति के र कसरी भन्ने अलिअलि बुझे ।

ख तिनै बुझेका गलत कुरलाई अनुशरण गरी विकास गर्ने परिकल्पना गरियो ।

ख उनीहरूलाई आफ्नै देशको स्थिति बारेमा केही थाहा पनि थिएन, देशलाई मिल्ने कुरोको पत्तो छैन ।

ख थाहा पाउने साधान पनि विकसित देशको तुलनामा थिएनन्, छैनन् ।

ख आफ्नो देशको जनमानसको अध्ययनको अभाव; भौगोलिक, भौगर्भिक र प्राकृतिक वनावटको जानकारीको र कच्चा पदार्थको सम्भावनाको अध्ययनको अभावमा योजना सुरू गरिएका विकासका कार्य समेत हाम्रो देशमा सही रूपमा उत्रन सकेनन् ।

ख विकासका प्राथमिक क्रम पनि सही मानेमा निर्धारण हुन सकेनन् ।

ख त्यसो भएकाले एकातिर विकास योजना नै असफल हुँदै गए भने अर्कातिर त्यस्ता योजनाले आर्थिक जीवनस्तर झन गिराउदै लग्यो ।

ख उद्योग धन्दा पनि देशको आर्थिक स्तर वृद्धि गर्नुको स-ा झनझन गिराउँदै लैजाने खालका स्थापना भए ।

ख आर्थिक स्तर न उठी रोवरवाफ र अयश आरामको स्तर उठ्यो ।

ख यस कुरालाई विस्तारै महसुस गरियो । तर सुधार हुन सकेन ।

ख देशका कुना काप्चामा पुगेर गाउँमुखी हुने प्रयासहरू गरिए ।

ख अरू देश हाम्रा देश जस्ता छैनन्, अरू देशले कसरी विकास गरे भन्ने कुरालाई उदाहरणसम्म मानी आधारभूत कुरा नेपाली नै हुनुपर्दछ भन्ने कुरासम्म महसुस गरियो ।

४.राजनीतिक संस्कार:

प्रजातन्त्रमा हुनु पर्ने निष्पक्षता, योग्तमको चयन, दलभित्र र घरघरमा हुनुपर्ने प्रजातान्त्रिक अभ्यास, निष्पक्षता, कानूनको राज्य, दलीयकरण र दलीय तानाशाहीको अन्त्य तथा सबैभन्दा धेरै इमानदारिता न्याय र नैतिक्ताको विकासै हुन सकेन । हामी र हाम्रो पालो भन्ने कुरामात्र हाबी भयो । त्यसो हुनुमा :

- राजनीतिक संगठनमा पनि देशको वस्तुस्थिति नै नबुझी नेपाली जनजीवनमा विकासको नाउँमा गलतफहमी ल्याउँदै जानु,
- प्रजातन्त्रको नाउँमा अप्रजातान्त्रिक अर्थात् भीड तन्त्रात्मक कार्यकलापहरू गर्ने गर्नु,
- अराजक्ता हुने राजनैतिक संगठनहरू बढाउँदै लगिनु ,
- सामन्ती नोकरशाही हुने प्रशासनिक इकाइहरूको सुत्रपात हुदै जानु ,
- यसो हुँदा मानसिक स्थितिमा पनि विकृति पैदा हुदैं जानु,
- जनतामा प्रजातन्त्रको नाउँमा जे गरे पनि हुन्छ भन्ने भावना व्याप्त हुनुले अन्तरिम सोचभएका समाजका अचेतन जनताले यथार्थ के हो केही बुझ्न नसक्नु,
- भरौटे राजनीतिज्ञ भनाउँदा र उनका झोलेहरूले निर्माणका नाउँमा व्यक्तिगत स्वार्थबाट प्रेरित भ्रष्ट काम गर्दै जानु,
- प्रजातन्त्रको नाउँमा भावी सन्ततिको वास्तै नगरी अगाडिको भाग मात्र हेर्न थालिनु ,
- व्यवस्थित बस्ती नभएकै कारणले सबै नागरिकले समान हकको प्रयोग गर्न नपाउनु तथा माथि उल्लेखित बिकार जन्मिएका हुन् ।

५.सामाजिक बिकार:

परिवर्तनका नाउमा सबै भन्दा धेरै सामाजिक बिकार भएकाछन् । त्यस्ता बिकारहरू हुन :

- सभ्यताका नाउँमा जीवनका सबै पक्षमा मेकालियन पद्धतिबाट अन्धाधुन्द पश्चिमी मुलुकको अनुकरण मात्र गरिँदै आएको आउनु गलत थियो ।
- यसले मद्यपान, धुम्रपान, वेश्यावृत्ति, भाषा, शैली, लबाई खबाई, पर्यावरण र वन विनास, लागू पदार्थको दुर्व्यसन, मूर्खपना (मण्डलेपन), नास्तिकपन जस्ता समाजघाती गतिविधिले पनि ठाउँ ओगट्दै आइरहेका छन् ।
- परापूर्वकालदेखि एउटा सुनियोजित धार्मिक र नैतिक क्रममा (जन सहभागी मूलक) निर्माण, मर्मत, स्याहार-सम्भार भइरहेका बाटाघाटा, वनजंगल, कुलो-पैनी-नहर पुल, घरेलु उद्योग, जडीबुटी, चालु खानी आदि सब ध्वस्त भएका छन् ।
- यस्ता सबै काम सरकारले नै गर्ने हो जनता 'आँ' गरेर खाने मात्र हुन् भन्ने जनमानसमा पारिएको गलत प्रभावले जनता र सरकार बीचमा हुनु पर्ने सहभागिताको ठीक उल्टो प्रभाव परेको छ । जन सहभागिताका पुराना पद्धति तोडिएकाछन् ।
- मानिस प्रशस्त अल्छी छन् ।
- दुर्व्यसनको अभिवृद्धि छ ।
- देशको अर्थतन्त्र नै खलबलिने अनावश्यक विदेशी आमोदप्रमोदका साधनहरू समेतको आयात भएका छन् ।
- जनतामा काम गर्ने बानी हराएको छ । कुरा काट्ने बानी मात्र बढेर आएको छ । क्रमस...

# साम्राज्यवादको आतङ्कले सीमा नाघ्यो



**सुरेशकुमार पाण्डे**

मानव अधिकारवादी संघ संस्थाहरू थुप्रै छन्, संयुक्त राष्ट्र संघ पनि छ । त्यसका पारित भएका दस्तावेजहरू पनि जीवित छन् । तर राष्ट्रसंघ प्रभावकारी नहुँदा अहिले यस्तो आभाष हुन्छ की साँच्चै मानवता मरिसकेको छ ।

उनिहरूको सामुन्य साम्राज्यवादले खुलेआम मानिसहरू अपहरण गर्दछ । हुँदै नभएको आरोप लगाएर उनिहरूलाई झुण्डाएर मारिन्छ, गोली ठोकेर मारिन्छ अर्काको देशमा आफ्ना सैनिक पठाएर बेडरूम भित्रैबाट बन्दक बनाईन्छ । बम बारूद अनियन्त्रण रूपमा प्रयोग गरेर कुनैपनि देशलाई आफ्नो सिकार बनाईन्छ । राष्ट्र संघ र मानव अधिकारकर्मीहरू असहाय मुकदर्शक बनेका छन् ।

त्यसपछि आम नागरिकले इफ्नो सुरक्षाका लागि कसको भर पर्ने ? ससाना देशहरू स्वतन्त्र र स्वाभिमानि भएर कसरी अस्तित्वको रक्षा गर्ने ? यही आजको सवाल हो जो अहिले अनुत्तरित छ ।

विश्वमा सबैभन्दा पुरानो लोकतन्त्र कहलाईएको संयुक्त राष्ट्र अमेरिका १७८९ देखि यहाँ लोकतन्त्र स्थापित भएको भनिन्छ । उनीहरूले दुनियाँको सबैभन्दा पहिलो लिखित संविधान मै संघीय गणराज्यको रूपमा स्थापित गरेका थिए । यो अहिलेको भारत भन्दा पनि करिब तीन गुणा ठूलो देश मानिन्छ । क्षेत्रफलको हिसावले ९८,३३,५२० कि.मी छ । भारतको क्षेत्रफल ३२८७२६३वर्ग कि.मी हो । जसले संसारमा जसको शक्ति उसको भक्ति गर्नु दु:खद छ ।

आखिर लोकतन्त्रको परिभाषा के हो ? यस्को पनि कुनै नियम हुन्छ होला मानविय गुण नै नभएको नाममात्र लोकतन्त्र राखेर के गर्ने ?

विश्वमा अमेरिका, दक्षिण एसियामा भारतले लगातार आफ्नो शक्ति प्रदर्शन गर्दै आएको मात्र छैन उसले आतङ्कीत पार्दै आएको छ । जे मन पर्यो हासिल गर्ने प्रयत्न गर्दै आएको छ ।

अहिले उसको चाहना छिट्टै ग्रिनलैण्डलाई आफ्नो कब्जामा लिने रहेको छ । क्यानडालाई पनि अमेरिकामा मिलाउने भनेको छ । इरानमाथि हमला गरिरहेकै छ । अमेरिकी प्रभाव बाङ्गला देश, नेपाल सहित करिव ३६ देशहरूमा केन्द्रीत हुँदै आएको छ ।

अमेरिकाको रणनीति भनेको शक्तिशाली हुने, चीनको व्यापारयुद्धलाई रोक्ने हो । त्यसैको लागि हिन्द प्रशान्त क्षेत्रमा उसले आफ्नो पकड बलियो बनाउन चाहान्छ । संसारको एक तिहाई व्यापार यही क्षेत्रबाट हुन्छ । अमेरिकाले सन् २०१७ मा यो निर्णय गरेर सन् २०१९मा ईण्डो-प्यासिफीक रणनीति तैयार पर्यो । जसलाई नेपाल जस्तो देशले एमसीसीलाई २०७८मा संसदबाटै पारित गराएर छाड्यो । जो नेपाली जनता र देशकै लागि घातक थियो । एमसीसी माओवादी शासन भएका बेलामा अमेरिकासँग मागिएको योजना हो । पछि सबैभन्दा कडा बिरोध माओवादीले नै गर्‍यो र पारित पनि उसैले गर्‍यो ।

नेपाल चीन र भारतको वीचमा तरूलको रूपमा रहेको छ । विश्वशक्तिको प्रतिस्पर्धामा अमेरिका प्रवेश गरेपछि नेपालको स्वराज भूराजनीतिको आँधीमा फस्न पुगेको छ । यो आँधीलाई नेपालले चलाखीपूर्ण र असंलग्ननीतिको धारले रोक्न सकेन भने अस्तित्वको संकटमा फस्ने र अनेक समस्या झेल्नुपर्ने हुन्छ ।

नेपाल विश्वराजनीतिको झमेलामा फस्नुको मुख्य कारण नै असलङ्गन परराष्ट्रनीतिलाई सुरक्षित राख्न नसक्नाले हो, सार्क एउटा राम्रो साधन थियो, त्यसलाई भारतले पाकिस्तानलाई आतंककारी देश भनी भनी मरणान्त पारिसकेको छ ।

भारत र चीन जस्ता ठूला ठूला र शक्तिशाली दुई राष्ट्रहरूको बिचमा अवस्थित नेपाल सानो र भूपरिवेसठित राष्ट्रले कुनैपनि छिमेकी देशसँग सन्तुलन् मिलाउन नसक्दाको असर भयानक हुनसक्छ । समुन्द्रबाट समान ओसार पसार गर्दा पनि हामिलाई भारत वा चीन चाहिन्छन् । बहुदलिय ब्यवस्था आएपछि नेताहरूले राजदरवारको शक्ति सिंहदरवारमा सारेर त्यसलाई विदेशीको आँगनमा पुर्‍याइदिनाले हाम्रो सार्वभौमसत्तामा विदेशीको हालिमोहाली बढ्दै गएको छ । पहिले भारत र चीनको कुरा थियो अब विश्वशक्तिको सवाल बन्नपुगेको छ नेपाली भूमि । अमेरिका, भारत, चीन, रूसले अनेक प्रकारले नेपाललाइ सहयोग गरेका छन् । कूटनीतिमा कुनै पनि लेनदेन निशुल्क हुँदैन । भनिन्छ, लेनदेनको बदलामा केही न केही मूल्य चुकाउनै पर्छ । नेपालले कूटनीतिक कमजोरीका कारण सानासानो सहयोगका लागि समेत ठूलो ठूलो मूल्य चुकाउँदै आएको देखिन्छ ।

कनै पनि मुलुकले यो देशका जनताहरूको दया र मायाँ गरेर होइन यो देशलाई रणक्षेत्र बनाउन सहयोग गर्छन् । यतिबेला चीन शक्तिशाली बनेको र भारतको विशाल बजारमा प्रभाव पार्न अमेरिका चीनलाई घेर्ने रणनीतिमा नेपालमा हात फैलाएको अनुभूति हुन्छ । ती हातहरूलाई लोकतन्त्र नामधारी कांगेस, एमाले, वामपन्थीहरू प्रत्यक्ष अप्रत्यक्ष रूपमाजनता र देश समेत खरानी पार्न तमसेको लामो समय भइसकेको छ । विवेकहीन बुद्धिजीविहरूको भूमिका पनि देशको लागि खतरनाक छ ।

अमेरिकालाई साह्रै मन नपर्ने भनेको कम्युनिष्ट सिद्धान्त र आतंकवाद हो । कम्युनिष्ट र आतंक सिध्याउन अमेरिका जस्तोसुकै निर्णय लिन पनि सक्छ । राजनीतिक, कूटनीतिक र अन्य स्वार्थहरू पूरा गर्न यिनै विषयलाई हतियार बनाएर जाइलाग्ने गरेको छ । बंगलादेशमा कम्युनिष्ट धेरै नै बढेको र मानवाधिकारको हनन भएको प्रचार भएको थियो, जसका कारण शासक भागेर भारतमा पुग्नुपर्‍यो, चुनाव गराइयो र नयाँ सत्ता स्थापित हुनपुगेको छ ।

भेनेज्वेलामाथि आक्रमण पछि नेपालतिर अमेरिकी चासो बढेको थियो । त्यो चासोलाई आक्रोसित पार्न माओवादी र अन्य वामपन्थीले आगोमा घ्यू हालिरहेकै थिए, एमालेको सरकारले बालबालिकामाथि गोलीको बर्षा गरिदियो । जेनजी बिद्रोह भयो र नेपालको संविधान, संसद, सरकार केही पनि बाँकी रहेन । नेपालमा पनि कम्युनिष्टको हालीमुहाली चलेको लामो समय भइसक्यो । अमेरिकालाई सह्या हुने विषय थिएन । फागुन २१ को चुनावमा कुनै रोकतोक नहोस् भन्ने नेपाली र विदेशीको चाहना बमोजिम नै चुनाव भयो र कम्युनिष्टमात्र होइन, क्षेत्रीय र भ्रष्टाचारलिप्त कांग्रेससमेत बढारियो । दुई तिहाई मतका साथ नेपालमा सत्ता परिवर्तन हुनेभयो, नयाँ पुस्ताले नेपाल हाँक्ने भएका छन् ।

यिनै नयाँ नेताका काँधमा नेपालको सार्वभौमिकता, अस्तित्वरक्षाको जिम्मेवारी आएको छ । नयाँ पुस्ताले विदेश नीति, नेपाल सुहाउँदो अर्थनीति र अन्य नीतिहरू तय गर्नुछ । नयाँ संविधान लेख्ने वा यही संविधानलाई परिमार्जन गर्ने जिम्मेवारी पनि पूरा गर्नुछ । नेपालमा ८ दशकदेखि स्थापित दलमात्र होइनन्, क्षेत्रीय, जातीय, परम्परागत सबैलाई परास्त गरेर नयाँ पुस्ताले जितेको छ। मूलधार सिर्जना गरेको छ । नयाँ पुस्तालाई जनताले समर्थन र स्वीकार गरेका छन् ।

अब नयाँ पुस्ताको ल्याकत, जेनजी पुस्ताको मागका रूपमा रहेको सुशासन र भ्रष्टाचारीमाथि कारवाही, रोजगारीको सिर्जना कसरी गर्छन्, अग्निपरीक्षा सुरू भएको छ ।

नयाँ पुस्ताको काँधमा साम्राज्यवाद र बिस्तारवादसँग कुन प्रकारको सम्बन्ध राख्ने र विश्वशक्ति र सामर्थ्यबाट बढीभन्दा बढी लाभ राष्ट्रका लागि लिने अक्किल उपयोग गर्ने पनि चुनौती सामुन्ने आइसकेको छ ।

१८१६ मा गुमेको भूभागको कुरा झिकेर बखेडा गर्नुभन्दा बढी महत्व भएको नेपालको सुरक्षा र सार्वभौमिकताको रक्षा कसरी गर्ने भन्नेतिर परिपक्व नीति अख्तियार गर्नुपर्छ । उल्क्याउनेले उल्क्याउँछन्, देशमा-आमाको कोखमा, दाजुभाईको खप्परमा लागेको घाउको ओखती भनेको सुशासन नै हो । समानता नै हो । रास्वपाले जुन बाचापत्र चुनावअघि जनतामा गरेका थिए, त्यो बाचा नबिर्सियुन् ।

# पूर्वराजाको सन्देश बुझ्न जरूरी



राष्ट्रिय समाज सुधार संस्था (राष्ट्रवादीहरूको साझा संगठन) ले गतहप्ता कर्तव्य सहितको अनुशासित, मर्यादित प्रजातन्त्रको खाँचो पूरा गर्ने दायित्व नेपाली जनताको काँधमा आईपरेको र जनताको त्यो दायित्व अब निर्वाचित प्रतिनिधिहरूले पूरा गर्नुपर्छ भन्ने सजग पार्ने कार्यक्रम सम्पन्न गरेको छ ।

व्यवस्थापक शंकर मघैयाले पूर्वीय दर्शन, धर्म, संस्कृतिको संरक्षक, राजसंस्था पुन:स्थापना गर्न सबै सचेत नागरिकहरू २ दिन सडकमा उत्रौं भन्ने आव्हान गरेका थिए । संस्थाका सल्लाहकार रोशनकृष्ण रंजितको स्मरण गर्दै ज्येष्ठ नागरिक विष्णु भक्त तण्डुकार, विद्वान व्यक्तित्व मनोज रावल र स्व.विश्वराम भक्त माथेमा, कृष्ण गोविन्द श्रेष्ठ, रविन चित्रकार, शम्भू प्रसाद लामिछाने, अर्जुन कुमार मघैया, रामचन्द्र श्रेष्ठ आदीको स्मरण गर्दै देशको समसामयीक परिस्थिति बारे पत्रकार सम्मेलन गरी प्रेस विज्ञप्ती जारी गरेको थियो ।

सो कार्यक्रममा माया पाण्डे जनताले दिएको जनादेश हामी मान्छौ । सुशासन, भ्रष्टाचार नियन्त्रण, स्वदेशमै रोजगारको ग्यारेन्टी गर्दै सहमतिको राजनीतिका लागि राजसंस्था पुन:स्थापना गर्नुपर्नेमा जोड दिइन् । लक्ष्मी अधिकारीले देशका सबै अंगहरूले राजसंस्था स्थापना गर्न पर्ने कुरामा जोड गरेकी थिइन् ।

**भूराजनीतिक चपेटामा नेपाल**



भारत नेपाललाई आफ्नो उत्तरी सुरक्षा घेराको दृष्टिबाट हेर्छ । हिमालय भारतका लागि प्राकृतिक सुरक्षा-पर्खाल हुनुपर्ने उसको भित्री मान्यता छ । ***– डा. विष्णुराज उप्रेती***

**जेनजीलाई आध्यात्मिक सन्देश**



कसैले आकस्मिक रूपमा सहायता गर्न थाल्यो भने सावधान हुनुपर्छ । सहयोगका पछाडिको चाहना वा अदृश्य लोभ के छ भनेर सोच्नुपर्छ । सहयोग लिएपछि मान्छे उसको वशमा पर्न थाल्छ र पछि उसको नराम्रो कुरा पनि राम्रो भन्न बाध्य हुन्छ । आपसमा जति द्वन्द्व भए पनि देश र जन्मभूमिलाई माथि राख्नुपर्छ । **- स्वामी ध्रुव**


**सन्ध्याकालीन**

www.sandhyakalin.com

**गोरखा एक्सप्रेस**

www.nepaltoday.com.np

**पढौं**

**लेख, रचना र बिज्ञापन पठाएर सहयोग गरौं ।**

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३०४५६२४४४

मंगलबार Tuesday
२०८२ फागुन २६, March 10, 2026





अन्तिम पातो – शाश्वत शर्मा

# राजसंस्थालाई स्थान दिइयोस्

प्रत्यक्ष र समानुपातिक गरेर रास्वपाले दुई तिहाइ मत ल्याउने भएको छ । यो भनेको जनताले परिवर्तनलाई सहर्ष स्वीकार गर्दै जनमतबाट अनुमोदन गरेको हो । अब बुढा पुराना र भ्रष्टाचार र कुशासनमा रमाउनेहरूलाई जनताले मौन बिद्रोह गरेर दण्डित गरिदिएका छन् । राजनीतिमा लाग्नेहरूका लागि जनताले दिएको यो राजनीतिक मृत्युदण्ड ऐतिहासिक मानिएको छ । लोकतन्त्रमा जनता निर्णायक हुन् त्यसै भनिएको होइन । जनताको इच्छा, अपेक्षा, आवाज नसुन्दा कुन प्रकारको घातक प्रहार सहनुपर्ने रहेछ भन्ने उदाहरण फागुन २१ को चुनावमा जनादेश बन्न पुगेको छ । यो संविधान अपूर्ण छ, अमान्य छ, कसैले बहुमत ल्याउँदैन भन्ने संविधान निर्माता दलहरूको भाष्यलाई जनताले गलत सावित गरिदिएका छन् । हुन त संविधान ध्वस्त पारेर, सरकार र संसद ध्वस्त पारेर जेनजीले आन्दोलन गरेका थिए । जेनजी पुस्तामाथि सरकारले गोली चलाएको र वर्षौंदेखि भ्रष्टाचार नेपोटिजममा रमाउनेहरूका लागि फागुन २१ को चुनावको परिणाम राजनीतिक आत्महत्या गरे सरह भएको छ ।

फागुन २१ को चुनावमा चितवनबाट गोरखा, गोरखाबाट रूकुम पुगेर पहिलेका माओवादी र अहिले १८ पार्टीको गठजोड गरेका प्रचण्डबाहेक पुराना दल, नेता, क्षेत्रीय, जातीय पार्टी र नेताहरू सबैलाई जनताले खोरिया फाँडेझैं फाँडिदिएका छन् । अबको ५ वर्ष स्थिर शासनका लागि जनताले रास्वपालाई दुई तिहाई दिएका छन् । जतिसकै अमेरिका, भारत वा अन्य मुलुकपरस्त भने पनि नयाँ पुस्तामाथि सिङ्गो मुलुकको विश्वास जाहेर भएको छ । देश सञ्चालन गर्ने जनादेश मिलेको छ । यो सबैको कारण बिगतमा कांग्रेस, एमाले, माओवादी र अन्य मधेसवादीलगायतका दलहरूले गरेका कुकर्मका बिरोधमा घण्टी घण्टी भनेर जनलहर उर्लेको हो । २०१५, ०४६, ०६४ लगायतका अनेक चुनावहरूमा जनताले पार्टीहरूलाई समर्थन दिएकै हुन्, तर ती सबैले देश र जनतालाई धोका दिए, मपाइँत्व चलाए । यसपल्ट गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन, बिद्रोहको स्वामित्व लिन्छु भन्ने रास्वपाले आश्चर्यजनक जनादेश पाएको छ । रास्वपाका लागि यो लहरको सम्मान राख्नका लागि सुशासन दिनपर्नेछ, अपराधी र भ्रष्टाचारीमाथि कारवाही गर्नुपर्नेछ । आन्तरिक एकता कायम राख्दै जनअपेक्षा, जेनजीका सपना साकार पार्नुपर्नेछ ।

रास्वपाका सभापति रवि लामिछाने, बरिष्ठ नेता बालेन साहको हातमा छ देशको शासनसत्ता र राजनीतिक सन्तुलन कायम राख्ने जिम्मेवारी । यो जिम्मेवारी चानचुने जिम्मेवारी होइन । मुख्य कुरा भनेको यिनले भ्रष्टाचार गर्दैनन् भन्ने भरोसा जनतामा छ, त्यो कायम राख्नुछ । यिनले देश बनाउने छन् भन्ने आशा पूरा गर्नुछ, सुशासन दिनेछन् भन्ने अपेक्षा र भ्रष्टाचारी, ज्यानमारामाथि कडा कारवाही गर्न अग्रसर हुनेछन् भन्ने जनताको विश्वासमा खरो उत्रनुछ । कम बोल्ने बालेन साह प्रधानमन्त्री बन्दैछन् । कडा बोल्ने रवि लामिछाने पार्टी हाँक्दैछन् । चुनाव जितेर आएका एक से एक घण्टीबाजहरूले रास्वपालाई जनताको पार्टी, जेनजीको माग पूरा गर्ने पार्टी, चुनाव अघि सार्वजनिक गरेका बाचापत्रमा अडिग रहेर काम गर्नुपर्नेछ । कुनै पनि रास्वपाका नेताले अहंकार नदेखाउन् भन्ने आवाज सडकमा उठ्न थालिसकेको छ । त्यो सडकको आवाजलाई मूलमन्त्र बनाउने छन् । चुनाव जितेपछि जनतालाई धन्यवाद दिने बालेन साह, जनताको आँखामा आँसु आउने छैन, जेनजीका रगतको मूल्य चुकाइने छ भन्ने रवि लामिछानेको अभिव्यक्तिलाई जनताले सह्राहना गरेका छन् । लाग्छ, नयाँ पुस्ताले नयाँ नेपालको सपना पूरा गर्नेछन् ।

तथापि २०६३ सालदेखिको राजनीतिक मुद्दा कायमै छ । राजतन्त्र र हिन्दुराष्ट्र किन फालियो, संघीयता किन चाहियो ? सबै राजनीतिक शक्तिहरूबीच संवाद, सहमति र सहकार्यका साथ टुटफुट भएको एकतालाई कायम राख्दै राष्ट्रिय मुद्दाहरूलाई संवोधन गर्नु जरूरी छ । अन्यथा राजनीतिक बिबाद कायमै रहनेछ र यही बिबादले फेरि पनि असन्तुष्टिलाई बढावा दिनेछ । जनताले संविधान नै फेर्नसक्ने, कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्न सक्ने, कुनै पनि निर्णय लिन परे लिनु भनेर जनादेश दिएकाले रास्वपाले राजनीतिक, कूटनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक सबै क्षेत्रका विज्ञहरूसँग तत्काल छलफल गरेर टुङ्गोमा पुग्नुपर्ने र देशको कुशासनलाई सुशासनमा फर्काउन अग्रसर हुनुपर्ने कार्य गर्नु उचित हुनेछ । यति भयो भने सबै दल, शक्तिहरूको उर्जा समेत नयाँ पुस्तालाई प्राप्त हुनेछ । बालबालिकादेखि बृद्ध, प्राढ सबै तह र तप्काकाले घण्टी घण्टी भनेको मन्त्र अर्थपूर्ण सावित हुनेछ ।

यो संविधानलाई भारतले मान्यता दिएको थिएन, नाकाबन्दी नै लगाएको थियो । चीनले पनि कतिपय नेपालको सार्वभौमिकताका विषयमा चुप्पी साधेको थियो । यी दुबै मुलुक नेपालका लागि महत्वपूर्ण छन्, समदूरीको नीति कायम गर्नैपर्छ । विश्वशक्तिलाई विश्वासमा लिने र नेपालको हितमा सम्बन्ध बिस्तार गर्नैपर्छ । जेनजीका माग र बाचापत्र पूरा गर्न र सफल हुनका लागि यत्तिकुरा जरूरी छ ।

राजसंस्था र हिन्दुधर्मलाई यथास्थान दिन जरूरी छ । यो माग होइन, देशको बास्तविकता र राजनीतिक सफलताको साँचो पनि हो । रास्वपाले पाएको एक एक मतमा राजसंस्था र हिन्दुराष्ट्रवादीहरूको पनि सहयोग र समर्थन छ । रास्वपालाई राजनीतिक सबै मुद्दा संवोधन गरेर अघि बढ्न यो जनादेश हो । कुनै पनि प्रकारको खेलाची, कमजोरी गर्ने र असफल हुने अलिकति पनि छुट रास्वपालाई छैन ।

# शासन सत्तामा बालेन साहको उदय – प्रेमचन्द्र झा

राजधानीको मेयरमा जित्नु नै आश्चर्य थियो, अर्को आश्चर्य थपियो, नेपालको नेपालको राजनीतिक इतिहास र शासन सत्तामा बालेन साह ।

८ दशक पुराना दलहरू बढारिए, राष्ट्रिय स्वतन्त्र पार्टी राजनीतिको मूल धार बन्यो । बालेन साह प्रधानमन्त्री ।

बालेन र रास्वपालाई नयाँ युगको संकेतका रूपमा पनि हेरिएको छ । परम्परागत राजनीतिक नेतृत्वसँग प्रतिस्पर्धा गर्दै उनले स्थापित राजनीतिक शक्तिलाई चुनौती दिएर सफलता हासिल गरेका छन् । यसले जनताको मनोविज्ञानमा आएको परिवर्तनलाई स्पष्ट रूपमा देखाउँछ । जनता अब पुरानो राजनीतिक शैलीबाट थाकिसकेका छन् र परिणाममुखी, इमानदार तथा ऊर्जाशील नेतृत्वको खोजीमा छन् ।

बालेन शाहको उदय सामान्य राजनीतिक यात्राको परिणाम होइन । उनी इन्जिनियर, रचनात्मक कलाकार, सामाजिक अभियन्ता तथा पूर्व मेयरका रूपमा परिचित छन् । प्रशासनिक सुधार, सार्वजनिक स्थान व्यवस्थापन, अवैध संरचनाविरूद्धको अभियान तथा नगर प्रशासनमा अनुशासन कायम गर्ने प्रयासले उनको नेतृत्वलाई फरक पहिचान दिएको छ । कम बोल्ने तर काम गर्ने शैली, निर्णयमा दृढता र नियम कार्यान्वयनमा कडाइ उनका नेतृत्वका प्रमुख विशेषता मानिन्छन् । यही कारणले धेरै युवाहरूलाई उनलाई वैकल्पिक राजनीतिको आशा बनायो ।

वर्तमान अवस्था हेर्दा देशले एकैचोटि धेरै चुनौतीहरूको सामना गरिरहेको छ । आर्थिक संरचना कमजोर छ, उद्योगधन्दा सीमित छन्, कृषि अझै आधुनिक हुन सकेको छैन र रोजगारीका अवसर अत्यन्त कम छन् । लाखौं नेपाली रोजगारीका लागि विदेश जान बाध्य भएका छन् । गाउँका गाउँ युवाविहीन हुँदै गएका छन् । राज्यको राजस्व संरचना आयातमा निर्भर छ भने उत्पादन न्यून छ, जसले दीर्घकालीन अर्थतन्त्रलाई कमजोर बनाएको छ ।

बालेन शाहको ठूलो चुनौती अर्थतन्त्रलाई पुनर्जीवित गर्नु हुनेछ । उत्पादनमुखी अर्थतन्त्र निर्माण, देशभित्र उद्योग स्थापना गर्ने वातावरण तयार गर्नु, लगानीमैत्री नीति ल्याउनु तथा कृषि र प्रविधिलाई जोडेर आर्थिक सम्भावनाहरू सिर्जना गर्नु हुनेछ ।

बेरोजगारी अर्को गम्भीर समस्या हो । प्रत्येक वर्ष लाखौं युवा श्रम बजारमा प्रवेश गर्छन् तर उनीहरूका लागि पर्याप्त रोजगारी उपलब्ध हुँदैन । नयाँ नेतृत्वप्रति युवाहरूको अपेक्षा यही हो कि देशभित्रै अवसर सिर्जना होस् । स्टार्टअप, सूचना प्रविधि, पर्यटन, कृषि तथा उद्योगलाई प्रोत्साहन दिँदै भविष्य देखाउने वातावरण निर्माण गर्नुछ ।

पुरानो समस्या राजनीतिक अस्थिरता हो । सरकारहरू बारम्बार परिवर्तन हुने, गठबन्धन राजनीति हाबी हुने र नीति निरन्तरता कमजोर हुने प्रवृत्तिले विकासमा अवरोध पुऱ्याएको छ । यस्तो अवस्थामा कुनै पनि प्रधानमन्त्रीले स्थिर शासन, स्पष्ट नीति र दीर्घकालीन योजना ल्याउनुपर्ने हुन्छ । स्थिरता बिना विकास सम्भव हुँदैन, राष्ट्रिय सहमति निर्माण गर्नु आवश्यक हुन्छ ।

भ्रष्टाचार नेपालको जटिल समस्यामध्ये एक हो। राज्यका विभिन्न निकायमा अनियमितता, ढिलासुस्ती र अपारदर्शिता देखिन्छ । जनताले अझै पनि सरकारी सेवा लिन झन्झट र कठिनाइको सामना गर्नुपर्छ । नयाँ नेतृत्वप्रति जनताको प्रमुख अपेक्षा भ्रष्टाचार नियन्त्रण नै हो ।

प्रशासनिक संरचना सुधार पनि अत्यन्त आवश्यक छ । कागजी प्रक्रिया, ढिलासुस्ती र जटिल प्रशासनिक प्रक्रिया जनताको निराशाको कारण बनेका छन् । आधुनिक शासनका लागि डिजिटल प्रशासन आवश्यक छ। सरकारी सेवाहरूलाई अनलाइन प्रणालीमा ल्याउने, पारदर्शी सूचना प्रणाली विकास गर्ने तथा छिटो र प्रभावकारी सेवा प्रदान गर्नलाई प्राथमिकता दिनुपर्छ ।

शिक्षा प्रणालीमा सुधार अर्को महत्वपूर्ण क्षेत्र हो । शिक्षा प्रणाली अझै पनि रोजगारमुखी बन्न सकेको छैन । प्राविधिक शिक्षा, अनुसन्धान, नवप्रवर्तन र सीप विकासलाई प्राथमिकता दिएर शिक्षालाई आधुनिक बनाउनु पर्नेछ ।

अन्तर्राष्ट्रिय सम्बन्धको दृष्टिले पनि नेतृत्वको भूमिका महत्वपूर्ण हुन्छ । नेपाल भौगोलिक रूपमा दुई ठूला शक्ति राष्ट्रहरू–भारत र चीनको बीचमा अवस्थित छ । त्यसैले सन्तुलित कूटनीति नेपालको राष्ट्रिय हितका लागि अत्यन्त आवश्यक हुन्छ । छिमेकी राष्ट्रहरूसँग व्यापार, पूर्वाधार विकास र आर्थिक सहकार्य विस्तार गर्दै अन्तर्राष्ट्रिय साझेदारहरूसँग पनि लगानी र प्रविधि आदानप्रदान बढाउनुपर्ने हुन्छ ।

नेपालको आर्थिक विकासका लागि जलस्रोत, पर्यटन र कृषि क्षेत्र महत्वपूर्ण आधार हुन सक्छन् । विशेष गरी प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र हिमाली क्षेत्रका कारण नेपालको पर्यटन क्षेत्र अत्यन्त सम्भावनायुक्त छ ।

पूर्वाधार विकास पनि दीर्घकालीन प्रगतिको आधार हो । सडक, पुल, ऊर्जा, रेलमार्ग तथा डिजिटल नेटवर्क जस्ता संरचनाले आर्थिक गतिविधि बढाउँछन् । व्यवस्थापनमा सुधार ल्याउन सके विकासको गति तीव्र हुन सक्छ ।

पर्यावरण संरक्षण पनि आजको युगको महत्वपूर्ण विषय हो । जलवायु परिवर्तनले हिमाली क्षेत्रमा गम्भीर असर पुऱ्याइरहेको छ । हिमनदी पग्लने, बाढी-पहिरो बढ्ने तथा मौसम परिवर्तन हुने समस्या देखिन थालेका छन् । त्यसैले विकास र वातावरण संरक्षणबीच सन्तुलन आवश्यक छ।

अन्ततः राष्ट्रको भविष्य केवल एक व्यक्तिमा निर्भर हुँदैन । नेतृत्व महत्वपूर्ण हुन्छ, तर जनताको सक्रिय सहभागिता पनि त्यत्तिकै आवश्यक हुन्छ । निजी क्षेत्र, नागरिक समाज र राज्य सबै मिलेर अघि बढ्नुपर्छ ।

बालेन शाहजस्ता र रास्वपाका तमाम जनप्रतिनिधिको इमानदार टिमले नयाँ पुस्ताका नेताले इमानदार, पारदर्शी र परिणाममुखी नेतृत्व प्रस्तुत गर्न सके भने नेपाली राजनीतिमा नयाँ संस्कृतिको सुरूवात हुनसक्छ । नेपाल अहिले परिवर्तनको मोडमा उभिएको छ । जनता पुरानो राजनीतिक शैलीबाट थाकिसकेका छन् र नयाँ नेतृत्वबाट ठूलो आशा राखिरहेका छन् । नयाँ पुस्ताको इमानदारितामा नेपालको सुशासन, विकास र समृद्धिको नयाँ अध्याय सुरू गर्नसक्छ ।

## प्रजातन्त्रका आधारभूत पक्ष

- संवैधानिक सर्वोच्चता ।
- बहुलवादको सम्मान ।
- विधिको शासन ।
- शक्ति पृथकीकरण ।
- आवधिक निर्वाचन ।
- मौलिक हक ।
- मानव अधिकार ।
- प्रेस तथा वाक स्वतन्त्रता ।
- सामाजिक न्याय तथा समावेशीकरण ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासलगायतका पक्षहरू ।

नेपाल सरकार
विज्ञापन बोर्ड

